# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१४३७३५७७र९७६१८१५४०००र
९८४११५१२१७र९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष ११ | अंक २२० | काठमाडौं | शुक्रबार, २१ मंसिर २०८१ | Prabhab National Daily | Friday, December 06, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


# ‘बीआरआई फ्रेमवर्क’मा कांग्रेस सशंकित

कांग्रेस सशंकित देखिएसँगै बालुवाटारमा बीआरआई फ्रेमवर्क कार्यदलको बैठक

यो भ्रमणमा चीनबाट १२ अर्ब ४ करोड बढी अनुदान प्राप्त भएको सरकारको दाबी

बीआरआईमा ऋणऋण भन्दै सारंगी नबजाउन प्रधानमन्त्री ओलीको चेतावनी



प्रधानमन्त्री केपी शर्मा ओली र चिनियाँ प्रधानमन्त्री ली छ्याङको उपस्थितिमा मंगलबार ग्रेट हल अफ पिपलमा विभिन्न आठ विषयमा सहयोग र सहकार्यसम्बन्धी सहमति पत्रमा दुई देशका अधिकारीद्वारा हस्ताक्षर गरिंदै । *तस्बिर सौजन्य: प्रधानमन्त्रीको सचिवालय*

■ **प्रभाव संवाददाता**

काठमाडौं- प्रधानमन्त्री केपी शर्मा ओलीको चीन भ्रमणका क्रममा भएको ‘बीआरआई फ्रेमवर्क’मा कांग्रेस सशंकित देखिएको छ । अधिकांश पुरानै योजनाहरू राखेर बुधबार भएको सम्झौता ऋण वा अनुदानबारे नखुलेपछि कांग्रेस सशंकित देखिएको हो । दुई पक्षबीच भएको सम्झौतामा यो ‘एड मोडालिटी’मा जाने उल्लेख गरिएको छ । ‘एड’लाई कतिपयले अनुदानका रूपमा अर्थ्याएका छन् भने कतिले ऋणकै रूपमा । परराष्ट्र स्रोतले सन् २०१७ यता आएका कार्यक्रमहरू बीआरआईकै अंग भएको बताउँदै आएको छ ।

यसबारे सरकारले प्रष्ट पार्नुपर्ने बताउँछन् नेपाली कांग्रेसका प्रवक्ता डा प्रकाशशरण महत । ‘नेपाली कांग्रेस र नेकपा एमाले सत्तामा सँगै छ । चीन भ्रमणअघि यस विषयमा दुई दलबीच सहमति भएको थियो । यही अनुसार अघि बढेको भए पनि हुन्थ्यो,’ प्रवक्ता महतले भने, ‘अब यो ऋण हो या अनुदान सरकारले प्रष्ट पार्नुपर्छ ।’ बीआरआईबारे थप प्रष्ट पार्न दुई दलीय संयन्त्रसमेत बनेको थियो । चीन उड्नुअघि प्रधानमन्त्री ओलीले पूर्वप्रधानमन्त्री र पूर्व परराष्ट्रमन्त्रीहरूसँग पनि छलफल गरेका थिए । उक्त छलफलमा कांग्रेसबाहेक अरु दलहरू ऋण लिनुपर्ने पक्षमा देखिएका थिए ।

### चीनबाट १२ अर्ब अनुदान

प्रधानमन्त्री ओलीको चीन भ्रमणमा १२ अर्ब ४ करोड बढी अनुदान प्राप्त भएको प्रधानमन्त्री ओलीले जारी गरेको प्रेस नोटमा उल्लेख छ ।

‘चीन सरकारका तर्फबाट विस २०७२ देखि हालसम्म घोषणा गरिएको अनुदान रकम र नगद सहयोग अमेरिकी डलर २० मिलियन करिब २ अर्ब ७० करोडका अतिरिक्त राष्ट्रपति सि चिनफिङले थप अनुदान ५०० मिलियन नेपाली ९ अर्ब ३४ करोड अनुदान घोषणा भएको छ,’ प्रेस नोटको ८ औं नम्बरमा राखिएको छ ।

चीन सरकारका तर्फबाट विस २०७२ देखि हालसम्म घोषणा गरिएको अनुदान रकम र नगद सहयोग अमेरिकी डलर २० मिलियन करिब २ अर्ब ७० करोडका अतिरिक्त राष्ट्रपति सी चिनफिङले थप अनुदान ५०० मिलियन अर्थात नेपाली रूपैयाँ ९ अर्ब ३४ करोड अनुदान घोषणा भएको परराष्ट्र मन्त्रालयका कायममुकायम सचिव अमृत राईले जनाए ।

⏭ क्रमशः पृष्ठ २ मा

## प्रधानमन्त्रीको प्रश्न : ऋणऋण भनेर सारंगी किन बजाइरहेको ?



प्रधानमन्त्री ओली चीन जानुअघि कांग्रेसले अनुदानस्वरूप आएमात्र बीआरआई स्विकार्नुपर्ने अडान राखेको थियो । त्यसपछि बीआरआईबारे कुनै सम्झौता नगर्ने शर्तमा ओली चीन उडेको बताइएको थियो । यद्यपि अन्तिम दिन चीन नेपालबीच बीआरआई फ्रेमवर्कमा सहमति भएको हो । कांग्रेस सशंकित देखिएसँगै प्रधानमन्त्री फर्कनसाथ बालुवाटारमा बीआरआई फ्रेमवर्क कार्यदलको बैठक बसेको छ ।  प्रधानमन्त्री ओलीले भने बीआरआईमा ऋण लिने कुरै नभएको दाबी गरेका छन् । चीनबाट फर्कने क्रममा त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलमा ओलीले भने - ऋणको विषयमा कुनै छलफल भएन । अहिले हामीले जे प्राप्त गरेका छौं त्यो ऋण होइन भन्ने धेरैपल्ट भनेको छ ।

ओलीले अब यस विषयमा धेरैपटक दोहोऱ्याएर बोल्नै नपर्ने तर्क गरे । ऋण भन्दै सारंगी नबजाउनसमेत उनले चेतावनी दिए । ‘अब धेरैपटक दोहोऱ्याउन नपरोस् । ऋणको कुरा चलेकै छैन । सधैं ऋण ऋण भनेर सारंगी किन बजेको छ ?’ ओलीले प्रश्न गरे । यद्यपि स्वदेश फर्कनसाथ प्रधानमन्त्री ओलीले जारी गरेको १४ बुँदे प्रेस नोटमा बीआरआईलाई प्राथमिकताका साथ पहिलो नम्बरमा राखिएको छ ।

## अभिमुखीकरण तालिमलाई राष्ट्रिय परिचयपत्रसँग जोड्दै विभाग

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** सरकारले वैदेशिक रोजगारीमा जानुपूर्व लिइने अभिमुखीकरण तालिमलाई व्यवस्थित र पारदर्शी बनाउने उद्देश्यले राष्ट्रिय परिचयपत्र प्रणालीमा जोड्ने तयारी गरेको छ । यसको लागि वैदेशिक रोजगार विभाग र राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागबीच संयुक्त बैठक बसी प्राविधिक तयारीका लागि आवश्यक कार्य सुरु गरिएको छ ।

अभिमुखीकरण तालिमलाई राष्ट्रिय परिचयपत्र प्रणालीसँग जोड्न आवश्यक कार्य गर्ने गरी दुबै विभागको संयुक्त बैठकले १५ दिनअघि निर्णय गरेको वैदेशिक रोजगार विभागका निर्देशक एवं सूचना अधिकारी गुरुदत्त सुवेदीले बताए । ‘अभिमुखीकरण तालिममा सहभागीको ‘फेसटाइम एटेन्डेन्स’ र ‘आइरिस रिकग्निसन’ प्रणालीलाई राष्ट्रिय परिचयपत्रको प्रणालीसँग जोड्न १०/१५ दिन देखि नै प्राविधिक काम भइरहेको छ,’ उनले भने, ‘तालिममा सहभागी नै नभई प्रमाणपत्र लिने गरेको भन्दै अभिमुखीकरण सम्बन्धी चौतर्फी गुनासो बढेपछि यसलाई व्यवस्थित र परादर्शी बनाउने

⏭ क्रमशः पृष्ठ २ मा

**बेपत्ता विपीन हमासकै नियन्त्रणमा** -पृष्ठ २ मा


## प्रेस विज्ञप्ति

तीन दशक भन्दा बढीको ईतिहास, करीब १००० भन्दा बढी व्यवसायी कम्पनीहरु आबद्व ३००० भन्दा बढी व्यवसायीहरु जोडिएको ऐतिहासिक संस्था **नेपाल वैदेशिक रोजगार व्यवसायी संघले** आफ्नै भवन खरीद गर्न खोज्नु सबै व्यवसायीहरूको लागि खुसी अनि गौरवको विषय हो । संघको भवन भनेको सम्पूर्ण व्यवसायीहरूको साझा सम्पत्ति हो जसमा सबै व्यवसायीहरूको साझा योगदान र अपनत्व पनि हुनुपर्दछ । संघको आफ्नै भवन किन्ने वा बनाउने बिषयमा **नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएसन** सधै सकारात्मक छ र आफ्ना सदस्य संस्थाहरूको आर्थिक योगदानको जिम्मेवारी लिन समेत संस्थागतरूपमा तयार छ ।

विगतमा संघको लागि आफ्नै भवन आवश्यक महशुस भएर का.जि.का.म.न.पा.-३५ मा संघले ७ आना जग्गा खरीद गरेको र त्यही जग्गामा भवन बनाउने भनी शिल्यान्यास समेत भएको स्मरण गराउन चाहान्छौं तर हाल आएर त्यो जग्गा सामान्य टहरा समेत बनाउन नमिल्ने अवस्थामा देखिन्छ । उक्त जग्गामा नेतृत्वले भोलीको दिन देख्न नसक्दा व्यवसायीहरूसँग उठाएको रकम मात्र डुबेन यसरी व्यवसायीका सपना र भावना पनि दुरुपयोग भएका छन । **हाल आएर पुन: संघले आफ्ना घटक, शुभेच्छुक, जातियभेगिय संस्थाहरु, र संघकै पूर्व जिम्मेबार व्यक्तित्वहरुलाई समेत बाहिर राखेर अपारदर्शीरूपमा संस्थागत सम्पती खरीद प्रक्रिया समेत पूरा नगरी काठमाडौंको सिफलमा पार्किङ्ग नभएको, नक्सामा बाटो कायम नभएको र अरुको घरको गेटबाट संघको भवनमा जानुपर्ने बाध्यता भएको भवनलाई खरीद गर्न बैना रकम दिएर कार्यालय नै स्थान्तरण गारिसकेको देखियो** र सोहि भवन खरीदको लागि व्यवसायीहरूसँग रकम माग गरिरहेको र रकम दिन दवाव समेत दिईरहेको भन्ने गुनासो पनि प्राप्त भयो । भवन खरीद जस्तो महत्वपूर्ण बिषयमा व्यवसायी भेला बोलाएर बृहत छलफल गर्नुपर्नेमा त्यसो नहुनु शंकास्पद पनि देखिएकाले यस एशोसिएसनको गम्भीर ध्यानाकर्षण भएको छ । यसर्थ उक्त भवन व्यवसायीहरूको लागि उपयुक्त नदेखिएको र खरीद प्रक्रिया पनि अपारदर्शी भएको भनी व्यवसायीहरूबाट व्यापक गुनासो आएकाले यस प्रक्रियालाई सच्याएर बढ्न बढाउन लोकतान्त्रिक एशोसिएसन हार्दिक अनुरोध गर्दछ ।

सम्पूर्ण व्यवसायीहरूको सामुहिक योगदानले खरीद गरीने साझा सम्पत्तीको खरीद प्रक्रिया पारदर्शी होस, सबै व्यवसायीहरूको अपनत्व होस, सबै व्यवसायीहरूलाई पायक पर्ने स्थानमा होस र सुबिधासम्पन्न पनि होस् भन्ने यस एशोसिएसनको स्पष्ट धारणा हो साथै यस एशोसिएसन आफ्ना सदस्य तथा शुभेच्छुकहरूबाट एकमुष्टरूपमा रकम जम्मा गरी संघको भवन बनाउने वा किन्ने योजनालाई सहयोग गर्न तयार समेत रहेको जानकारी गराउदछौं । व्यवसायीहरूको एकता, हक, हित र संरक्षणका लागि स्थापित यस लोकतान्त्रिक एशोसिएसनले सही नियतले ल्याईएका हरेक बिषयमा समर्थन र सहयोग गर्नेछ तर यसरी गलत नियतले ल्याईएका कुराहरूमा सदैव खबरदारी तथा सचेत गराउनेछ साथै गलत गर्न, दिने छैन भन्ने प्रतिबद्धता पनि सम्पूर्ण व्यवसायीहरु माझ राख्न चाहान्छौ ।

जय बैदेशिक रोजगार व्यवसाय !

**महेश कुमार बस्नेत**
महासचिव


**दिपक थापा**
अध्यक्ष

**नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएसन**
Nepal Democratic Foreign Employment Entrepreneurs Association (NDFEEA)
नयाा बानेश्वर, काठमाडौं, नेपाल, फोन नं. : ९७७-१-४४६६४२८, पोष्ट बक्स नं. : २९७०
इमेल : ndfeefforum@gmail.com, वेबसाइट : www.ndfeef.com



# बेपत्ता विपीन हमासकै नियन्त्रणमा

■ जेबी योञ्जन



**काठमाडौं–** नेपाली विद्यार्थी विपीन जोशी इजरायलबाट बेपत्ता भएको १४ महिना बित्यो । प्यालेस्टिनी लडाकु समूह हमासले नेपाली सम्वतअनुसार २० असोज २०८० मा बेपत्ता पारेका थिए । उनै जोशीको हालसम्म अत्तोपत्तो छैन । जोशीका परिवारसहित सिंगो नेपालीजन दुःखी छन् ।

तर, बिहीबार नेपालका लागि नवनियुक्त इजरायली राजदूत शमुलिक ए. वासले जोशी गाजा क्षेत्रमा जिउँदै रहेको सूचना पाएको बताए । द्वन्द्वको एउटा पक्ष इजरायली राजदूतको यस्तो भनाइ जोशी परिवार र सिँगो नेपालीजनका लागि खुसीको कुरा हो । वासले पत्रकार सम्मेलनमा भने, 'अरबी देशको स्रोतबाट नेपाली विद्यार्थी विपिन जोशी जीवितै रहेको सूचना हामीले पाएका छौं ।' उनले नेपाल र इजरायलका लागि विपिन निकै महत्वपूर्ण रहेको बताए । विपीन छिट्टै नेपाल फर्किने उनको दाबी गरे ।

सास कि लास भन्दै आएका परिवार विपीनको व्यग्र प्रतीक्षामा छ । सरकारले कूटनीतिक संयन्त्रमार्फत उनको रिहाका लागि पहल गरिरहेको छ । तर, स्थिति सार्वजनिक भएको छैन । पटकपटक युद्धविरामको बेला इजरायली र प्यालेस्टाइनीको रिहा आपसमा गरिए पनि विपीनको भएको छैन । विपीनलाई प्यालेस्टाइनी लडाकु समूह हमासले लगेको भनिँदै आएको छ । उनलाई ७ अक्टोबर २०२३ ( २० असोज २०८०) मा इजरायलको अलमिम किवुजबाट बन्धक बनाई हमासले गाजा क्षेत्र लगेको थियो । त्यसपछिको उनको स्थितिबारे हालसम्म इजरायल न नेपाललाई जानकारी छ ।

यहीबेला नवनियुक्त इजरायली राजदूतले विपीन जोशी जीवित रहेको र उनी चाँडै नेपाल फर्किने बताएका हुन् । हमासले विपिनसहित २ सय ५१ जनालाई बन्धक बनाएर गाजा क्षेत्र लगिएको बताइन्छ । त्यसमध्ये दुई पटक भएको युद्धविराममा १ सय ५ जना रिहा भइसकेका छन् । ८ जनालाई भने इजराइली सेनाले उद्धार गरेको थियो । बन्धकमध्ये ३४ जनाको शव गाजा क्षेत्रमा भेटिइसकेको छ । बाँकी ९६ जना अझै हमासको भूमिगत सुरुङमा बन्धक रहेको र त्यसैमध्येमा विपीन रहेको इजरायलले जनाएको छ ।

हमाससँगको लडाइँमा इजरायललाई सहयोग गर्दै आएको देश अमेरिकाको नवनिर्वाचित राष्ट्रपति डोनाल्ड ट्रम्पले युद्धविराम सम्झौता गर्न प्रयास गरिरहेका छन् । युद्धविराम भएको अवस्थामा विपीनको रिहा हुने आशा नेपालको छ । यसअघि गत वर्षको कात्तिक १२ मा संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरसले इजरायल-हमास युद्धमा बेपत्ता भएका जोशीको सकुशल घर फिर्तीको कामना गरेका थिए । उनले बन्धक बनाइएकाहरूलाई हमासले विनाशर्त रिहा गर्नुपर्ने बताएका थिए ।

हजारौं माइल परको मध्यपूर्वमा भएको हिंसाले नेपालीलाई पनि प्रत्यक्ष असर पारेको भन्दै उनले त्यसबेला दुःख व्यक्त गरेका थिए ।

विपीन कञ्चनपुरका बासिन्दा हुन् । उनी सुदूरपश्चिम विश्वविद्यालयको कृषि विज्ञान संकायमा अध्ययनरत विद्यार्थी हुन् । उनीसहित ४९ जना विद्यार्थी 'लर्न एन्ड अर्न' कार्यक्रमअन्तर्गत २०८० को भदौ अन्तिम साता इजरायल गएका थिए । तर, एक महिना पनि नभई असोज २० गते हमासले इजरायलमा आक्रमण गर्‍यो । आक्रमणमा परेर सोही समूहका १० जना नेपाली विद्यार्थीको मृत्यु भएको थियो । तत्कालीन परराष्ट्रमन्त्री नारायणप्रसाद साउदले विपीनलाई रिहा गर्न इजरायलसँग पटकपटक अनुरोध गरेका थिए । कतारसहितका अरब देशहरूसँग पनि रिहाका लागि पहल गरिदिन अनुरोध गरेका थिए । उनलाई विपीनको आमाबुबाले भेटेर रिहाका लागि थप पहल गर्न आग्रह पनि गरे ।

वर्तमान परराष्ट्रमन्त्री डा. आरजु राणाले असंलग्न राष्ट्रहरू सम्मिलित संगठनको मन्त्रिस्तरीय बैठकलाई गत असोज ८ मा अमेरिकाको न्युयोर्कमा सम्बोधन गर्दै जोशीको रिहाइका लागि विश्व समुदायको ध्यानाकर्षण गराएकी थिइन् । उनले नेपाल बिपीन जोशीको स्वागतका लागि व्यग्र प्रतिक्षामा रहेको भन्दै यसका लागि विश्व समुदायको सहयोगको आग्रह गरिन् । यस्तोमा नवनियुक्त इजरायली राजदूत वासले विपीन जीवित रहेको र उनी चाँडै नेपाल फर्किने भनेका हुन् ।

जोशीका बुबा महानन्द जोशीले आफूहरू विपीन सकुशल घर आइपुगुन् भनेर भगवानसँग प्रार्थना गरिरहेको बताए । 'हाम्रो छोरालाई सपनामा देख्छौं । उनी घर आउन चाहेको देख्छौं । विपनमा हुँदैनन् र दुःख लाग्छ', उनले प्रभावसँग भने, 'भगवान ! हाम्रो छोरा सकुशल घर आइपुगुन् भनेर दिनरात प्रार्थना गरिरहेका छौं ।' हमासको आक्रमणपछि इजरायलले जवाफी आक्रमण गरिरहेको छ । हालसम्म झण्डै ५० हजार प्यालेस्टाइनी इजरायली आक्रमणमा मारिएका छन् ।

## 'महानगरले स्वास्थ्य क्षेत्रमा नमुना काम गर्नुपर्छ'

**ललितपुर–** ललितपुर महानगरपालिकाका प्रमुख चिरीबाबु महर्जनले ललितपुर महानगरले स्वास्थ्य क्षेत्रमा सबैले सिक्न योग्य हुनेगरी काम गर्नुपर्नेमा जोड दिएका छन् । विश्व स्वयंसेवक दिवसका अवसरमा महानगरद्वारा बिहीबार पाटनमा आयोजना गरेको २५औं राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका दिवसमा मेयर महर्जनले महिला स्वास्थ्य स्वयंसेविकाहरूले उत्कृष्ट काम गरेको बताए । उनले स्वास्थ्य स्वयंसेविकाहरूका लागि प्रत्येक वर्ष कुनै न कुनै काम गरिरहेको उल्लेख गरे ।

'तपाईंहरूको हरेक कामको मूल्याङ्कन हुन्छ, यस वर्ष स्वयंसेवक कोषमा नौ लाख रूपैयाँ जम्मा गरिदिनेछौं', प्रमुख महर्जनले भने । उनले दिगो विकास लक्ष्य २०३० को उपलब्धि हासिल गर्न बालबालिकाको मृत्युदर र मातृ मृत्युदर कम गर्न स्वयंसेविकाहरूलाई जिम्मेवारीपूर्वक लाग्न आग्रह गरे । महानगरका प्रवक्ता, सामाजिक विकास समितिका संयोजक एवं वडा नं ९ का अध्यक्ष राजु महर्जनले सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूले समाजलाई सशक्त बनाउन महत्वपूर्ण भूमिका निर्वाह गरेको बताए ।

## पृष्ठ १ बाट क्रमशः

### बीआरआई....

बीआरआई फ्रेमवर्कअन्तर्गत टोखा-छहरे सुरुङमार्ग सम्बन्धी पत्र आदान-प्रदान,नेपाल चीन व्यापार अभिवृद्धि सम्बन्धी पत्र आदान-प्रदान, निर्यात सम्बन्धी प्रोटोकल, नौतले वसन्तपुर दरबार पुनःनिर्माण सम्पन्न प्रमाणपत्रको आदान-प्रदान, विकास योजना सम्बन्धी समझदारी पत्र,आर्थिक तथा प्राविधिक सहयोग सम्बन्धी समझदारी पत्र, नगद सहयोग सम्बन्धी पत्र आदान-प्रदान, स्वयंसेवी चिनियाँ भाषा शिक्षक सम्बन्धी समझदारी पत्र र नेपाल टेलिभिजन र चिनियाँ सञ्चार समूहबीच सञ्चार प्रविधि सम्बन्धी समझादारी पत्रमा सम्झौता भएको छ ।

#### पोखरा विमानस्थलको ऋणबारे मौन

चीनले २०७२ यता १२ अर्ब ४ करोड अनुदान दिएको भनिए पनि पोखरा विमानस्थलको बारेमा भने यसपटक कुराकानी हुन सकेन । प्रधानमन्त्री ओली आफैले पनि यो विषयमा कुराकानी नभएको प्रष्ट पारे ।

पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलका लागि नेपालले चीनको एक्जिम बैंकबाट करिब २५ अर्ब ८८ करोड रूपैयाँ ऋण लिने सम्झौता गरेको थियो । ०७२ चैत ८ मा विमानस्थल निर्माणका लागि ऋण सम्झौता भई २०७३ पुस २७ बाट निर्माण सुरु भएको थियो । पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल ०७९ पुस १७ गते उद्घाटन भयो । हालसम्म नागरिक उडडयन प्राधिकरणले ब्याजबापतको ९७ करोड ८२ लाख १४ हजार ९६८ रूपैयाँ भुक्तानी गरिसकेको छ ।

पोखरा विमानस्थलको ऋणलाई अनुदानमा बदल्ने विषयमा केही कुराकानी भयो कि ? भन्ने प्रश्नमा प्रधानमन्त्री ओलीको जवाफ थियो - भएन ।

■■■

### अभिमुखीकरण...

उदेश्यले राष्ट्रिय परिचयपत्र प्रणालीमा जोड्ने निर्णय गरिएको हो ।' अभिमुखीकरण तालिममा सहभागी नै नभई प्रमाणपत्र लिने गरेको पाइएको भन्दै विभागले गत असोज २९ गतेबाट आइरिस प्रणाली लागू गर्ने निर्णय गरेको थियो । यसअघि (एक वर्ष) देखि नै उक्त प्रणाली लागू गर्न खोजे पनि पटक-पटक स्थगित हुँदै आएको थियो । यद्यपी प्राविधिक कारण देखाउँदै उक्त प्रणाली हालसम्म पनि कार्यान्वयनमा ल्याइएको छैन । तर आइरिसलाई सीधै राष्ट्रिय परिचयपत्र प्रणालीसँग जोड्ने काम भइरहेकाले छिटै कार्यान्वयनमा जाने सूचना अधिकारी सुवेदीले बताए । 'राष्ट्रिय परिचयपत्रसँग जोडिएपछि तालिममा सहभागी हुने व्यक्तिको रेकर्ड स्वतः जानकारीमा आउँछ,' उनले भने, 'जसका कारण विदेश जाने व्यक्तिले नै अनिवार्य तालिम लिनुपर्ने अवस्था आउँछ, यसले तालिममा सहभागी नभई प्रमाणपत्र लिने वेथितिको अन्त्य गर्नुका साथै वैदेशिक रोजगारीसम्बन्धी सचेतनामा समेत योगदान पुऱ्याउँछ ।'

विभागले आइरिस कार्यान्वयनमा ल्याउन नसक्दा हालसम्म पनि बायोमेट्रिक फिंगरप्रिन्ट प्रणालीबाटै अभिमुखीकरण तालिम सञ्चालन भइरहेको छ । प्राविधिक रूपमा केही समस्या सिर्जना भएका कारण यसअघि आइरिसलाई अनिवार्य लागू गराउन नसकिएको सूचना अधिकारी सुवेदीले बताए । उनका अनुसार अब एक महिनाभित्रै राष्ट्रिय परिचयपत्र प्रणालीसँग जोडिएर अनिवार्य रूपमा आइरिस लागू हुनेछ । 'पहिलो चरणमा अभिमुखीकरण तालिमलाई जोडेर कार्यान्वयनमा लगे पनि क्रमशः स्वास्थ्य परीक्षणलगायत वैदेशिक रोजगारसँग सम्बन्धित अन्य प्रणाली पनि राष्ट्रिय परिचयपत्र प्रणालीमा इन्टरलिंक गर्दै लैजाने विभागको तयारी छ,' उनले भने ।


## साउदीमा रोजगार
कम्पनी : COMPANY SNABL AL-KHAYR LTITWER AND AL-ASTATHMAR REAL ESTATE

पूर्व स्वीकृति मिति : २०८१/०८/२० | LT. No. 314966 | चलानी नं. ६०२२९२५८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Electrical Workers | 1 | 0 | 1000 | ३६,०५७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ मंसिर २८ गते (13th Dec. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Nasser Outsourcing Consultants Pvt. Ltd.
श्रम इजाजत नं. ६१९/०६३/०६४
Ratopool-9, Kathmandu, Nepal, Tel: +977-1-4465090 (6 Line), Fax: +977-1-4411950, Email: nocnepal@nassers.org

## रोमानियामा रोजगार
कम्पनी : INTERNATIONAL WORK FINDER

पूर्व स्वीकृति मिति २०७९/११/१७ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०८/२० | LT. No. 281582 | चलानी नं. ६०१९८१६६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव USD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker | 25 | 10 | 550 | ७३,७१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Factory Worker | 26 | 0 | 550 | ७३,७१० | | | | | | | |
| 3 | Cook Helper | 10 | 0 | 550 | ७३,७१० | | | | | | | |
| 4 | Cook | 5 | 0 | 650 | ८७,११० | | | | | | | |
| 5 | Cleaner | 7 | 6 | 550 | ७३,७१० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: Bharatpur Garden Resort ( Bharatpur -10 , Chitwan) मा मिति: २०८१ मंसिर २८ गते (13th Dec. 2024) मा हुनेछ ।
Mobile No: 056-512369, 056-512368, 9761890793, 9769328733, 9765228663, 9817246727

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | ४०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

AMCON OVERSEAS PVT LTD
Chappal Karkhana, Kathmandu, Tel: 01-4373522, 4373977, E-mail: amconoverseas123@gmail.com
श्रम इजाजत नं. ६८४/०६३/०६४

## कुवेतमा रोजगार
कम्पनी : FUTURE SERVICES GENERAL TRADING & CONTRACTING CO. W.L.L.

पूर्व स्वीकृति मिति : २०८१/०८/१९ | LT. No. 314935 | चलानी नं.६०२२९२९४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Diesel Mechanic | 3 | 0 | 200 | ८८,१२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Trailer Drivers | 45 | 0 | 160 | ७०,५०० | | | | | | | |

कम्पनी : PRAX COMPANY FOR DELIVERING CONSUMER ORDERS

पूर्व स्वीकृति मिति : २०८१/०८/१९ | LT. No. 314934 | चलानी नं.६०२२९२९१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Car Driver | 25 | 0 | 140 | ६१,६८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Driver Light Equipment | 5 | 0 | 140 | ६१,६८५ | | | | | | | |
| 3 | Light Driver | 15 | 0 | 140 | ६१,६८५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ मंसिर २८ गते (13th Dec. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

FRONTLINE RECRUITMENT PVT.LTD.
Sinamangal-9, Kathmandu, Nepal, Telephone: 01-4593645, 4593646, 4593647, Mob: 9851100134, 9818819581, 9804705263, Email: info@manpoweragencynepal.com
Govt. License 886/067/068

## बहराइनमा रोजगार
कम्पनी : Green City Services W.L.L

पूर्व स्वीकृति मिति : २०८०/०७/२४ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०८/२० | LT. No. 294839 | चलानी नं. ६०२१००३२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव BD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 50 | 25 | 100 | ३५,९४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Worker | 50 | 25 | 100 | ३५,९४५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय, बिजय चोक, काठमाडौंमा मिति: २०८१ मंसिर २२/२३/२४ गते (7/8/9th Dec. 2024) मा हुनेछ ।
झापा, बिर्तामोड, अतिथि सदन रोड मा मिति: २०८१ मंसिर २५/२६/२७ गते (10/11/12th Dec. 2024) मा हुनेछ । सम्पर्क: ९८०६५८५०२१/९८४९७६६१२२ (Santosh/Kedar)

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Ayaan Consultency Services Pvt. Ltd. (GREEN HILL OVERSEAS PVT. LTD.)
श्रम इजाजत नं. 1536/078/79
Purano Baneshwor-9,Bijay Chowk, Kathmandu, BAGMATI
Phone: 9818727318, 9851014815, 9803828661, Email:greenhilloverseas5@gmail.com

## MAURITIUS मा रोजगार
कम्पनी : RAOUF DUSMOHAMUD & COMPANY LIMITED

पूर्व स्वीकृति मिति : २०८०/०६/२९ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०८/२० | LT. No. 293980 | चलानी नं. ६०२०९१४६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव MUR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Auto Electrician | 1 | 0 | 17000 | ४९,३०१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Car Painter | 3 | 0 | 17000 | ४९,३०१ | | | | | | | |
| 3 | Car Panel Beater | 2 | 0 | 17000 | ४९,३०१ | | | | | | | |
| 4 | Engine Mechanic | 2 | 5 | 17000 | ४९,३०१ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ मंसिर २८ गते (13th Nov. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Humour Overseas Pvt. Ltd.
Gwarko-7, Lalitpur, Tel No. +977-01-5528563, 5531210, 5525424
Email : humouroverseas777@gmail.com, infohumour@gmail.com, www.humouroverseas.com
श्रम इजाजत नं. ७७७/०६५/०६६


## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

शुक्रबार, २१ मंसिर, २०८१

| | |
|---|---|
| **मेष** | अरूको करकापमा काम गर्न बाध्य । |
| **वृष** | सामान्य कामका लागि धेरै दौडधुप गर्नुपर्ने । |
| **मिथुन** | पहिलेको श्रम र लगानीबाट फाइदा हुनेछ । |
| **कर्कट** | सानो प्रयत्नले कीर्तिमानी कामको सौभाग्य मिल्ने । |
| **सिंह** | सफलताले हौसला, विशेष काममा जग बसाउने । |
| **कन्या** | रमाइलो यात्रा र भेटघाटको अवसर जुट्नेछ । |
| **तुला** | दिन उत्साहवर्धक, नैतिक मर्यादा पालना । |
| **वृश्चिक** | नयाँ काम थालनी, सहयोगीहरूले साथ मिल्ने । |
| **धनु** | सुखद समाचारले मनको डर उत्साहमा रूपान्तरण । |
| **मकर** | फाइदा हेर्दा नाम बिग्रने तापनि धन आर्जन । |
| **कुम्भ** | दिन रमाइलो, नयाँ कामको प्रस्ताव आउनेछ । |
| **मीन** | अध्ययनमा प्रगति, लेखन तथा सिर्जनाबाट सफलता । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५र६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

२१ मंसिर, २०८१ (०६ डिसेम्बर, २०२४)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३४.६३ | १३५.२३ |
| युरो | १ को | १४१.४८ | १४२.११ |
| पाउन्ड स्टिर्लङ | १ को | १६९.३० | १७०.०६ |
| स्विस फ्रेन्क | १ को | १५१.९३ | १५२.६० |
| अस्ट्रेलियन डलर | १ को | ८७.३० | ८७.६९ |
| क्यानाडियन डलर | १ को | ९५.५० | ९५.९२ |
| सिङ्गापुर डलर | १ को | ९९.९५ | १००.३९ |
| जापानी येन | १० को | ८.७५ | ८.७९ |
| चिनियाँ युआन | १ को | १८.५७ | १८.६५ |
| साउदी अरब रियाल | १ को | ३५.८४ | ३६.०० |
| कतारी रियाल | १ को | ३६.९३ | ३७.०९ |
| थाई भाट | १ को | ३.८८ | ३.९० |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३६.६५ | ३६.८२ |
| मलेसियन रिङेट | १ को | ३०.२० | ३०.३४ |
| दक्षिण कोरियन वन | १०० को | ९.६३ | ९.६७ |
| स्विडिस क्रोनर | १ को | १२.२७ | १२.३३ |
| डेनिस क्रोनर | १ को | १८.९७ | १९.०५ |
| हङकङ डलर | १ को | १७.३० | १७.३८ |
| कुवेती दिनार | १ को | ४३७.५८ | ४३९.५३ |
| बहराइन दिनार | १ को | ३५७.११ | ३५८.७० |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

स्वास्थ्य स्वयंसेविकाको माग

# हामीलाई पनि सामाजिक सुरक्षामा समावेश गर्नुपर्छ

■ बुनु थारू

काठमाडौं- उमेरले ५५ वर्ष टेकिसक्दा पनि कीर्तिपुरकी पार्वती महर्जनको जोश र जाँगरमा कुनै कमी आएको छैन । घरदैलो कार्यक्रम गर्दै सुरक्षित मातृत्व, नवजात शिशु सरसफाइ, खोप तथा पोषण कार्यक्रमबारे जनचेतना फैलाउनु उनको मुख्य काम हो । कीर्तिपुर नगरपालिका-५ की महर्जन विगत ३६ वर्षदेखि स्वास्थ्य सचेतना फैलाउने काममा सक्रिय छिन् । उनी अहिले सर्वसाधारण पनि स्वास्थ्यप्रति चनाखो हुन थालेको बताउँछिन् । तर हात्तीपाइले रोगविरुद्धको औषधि खुवाउन अझै पनि धौधौ पर्ने गरेको उनको अनुभव छ ।

महर्जन सरकारले स्वास्थ्य स्वयंसेविकालाई हेर्ने धारणा परिवर्तन हुनुपर्ने माग गर्छिन् । 'अरु जागिर भएको भए अहिलेसम्म त पेन्सन पाकिसक्थ्यो होला । हाम्रो पनि भत्ता बढाइदिएको भए हुन्थ्यो,' उनले भनिन् । टोखा नगरपालिका-४ की ४७ वर्षीया हिरामाया श्रेष्ठ २०५२ सालदेखि स्वास्थ्य स्वयंसेविकाका रूपमा कार्यरत छिन् । उनले सरकारले आफूहरूले पाउने सुविधा बढाउनुपर्ने धारणा राखिन् । 'सरकारले हामीलाई सार्वजनिक यातायातमा निःशुल्क भने पनि हालसम्म लागू भएको छैन,' उनले भनिन्, 'आज पनि म कामकै लागि आउँदा गाडीमा छुट पाइनँ ।'

चन्द्रागिरि नगरपालिका-१७ की स्वास्थ्य स्वयंसेविका बसन्ती महर्जन आमाको प्रेरणा र सिकाइले नै आफू पनि स्वस्थ्य स्वंयसेविका बनेको सुनाइन् । ५३ वर्षीय महर्जन हाल नेपाल स्वास्थ्य स्वयंसेवक संघकी अध्यक्ष छिन् । उनले महिला स्वास्थ्य स्वयंसेविकालाई स्वास्थ्यको खम्बा भनेर उपमा दिइए पनि उनीहरूबारेमा सरकारले ध्यान नदिएको गुनासो गरिन् । 'हामी घामपानी नभनी काम गरेका छौं । तर पनि खुसी छौं । हामी आफ्नो कामप्रति रत्तिभर पनि थाकेका छैनौं तर हाम्रो बारेमा खोइ सोचिएको ?,' उनले प्रश्न गरिन् ।

महर्जनले स्वयंसेविकालाई दिइने ४०० रूपैयाँ भत्ता न्यून भएको उल्लेख गर्दै यसलाई बढाउन आवश्यक रहेको धारणा राखिन् । 'हामी कति दुःख गरेर काम गरिरहका हुन्छौं, तर सरकारले सो अनुसारको सुविधा दिन सकेको छैन,' उनले भनिन् । आफूहरूलाई पनि योगदानमा आधारित साामाजिक सुरक्षामा समावेश गर्नुपर्ने उनको भनाइ छ । काठमाडौं महानगरपालिका-१६ की गीता थिङ पौडेलको पनि भनाइ महर्जनसँग मिल्दोजुल्दो छ । उनले स्वास्थ्य स्वयंसेविकाको कामको मूल्यांकन हुन नसकेको बताउँछिन् । उनले भनिन्, 'हामीलाई जे जिम्मेवारी दिए पनि पूरा गर्छौं, हामीले यसैबाट समाजमा पहिचान पनि बनाएका छौं, हाम्रो माग सरकारले हाम्रो कामको उचित मूल्यांकन गरोस् भन्ने हो,' उनले भनिन् ।

नेपाल स्वास्थ्य स्वयंसेवी संघकी अध्यक्षसमेत रहेकी पौडेलले स्वास्थ्य स्वयंसेविकालाई श्रम शोषण गराउन नपाउने धारणा रखिन् । उनी भन्छिन्, 'स्वास्थ्य स्वयंसेविका हुन् सित्तैमा काम गर्दिन्छन् भन्ने सोच छ । स्वास्थ्य बाहेकका काममा पनि हामीलाई सहभागी गराउँछन् ।' महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाले ६० वर्षको उमेरसम्म काम गर्न सक्ने भनिएको छ । त्यसैगरी उनीहरूको विदाइका बेला २० हजार रूपैयाँ दिइने नियम छ । पौडेल प्रश्न गर्छिन्, 'त्यत्तिका वर्ष निःस्वार्स्थ भावले दिदीबहिनीहरूले काम गर्नुहुन्छ । उहाँहरूको मूल्यांकन त्यतिमात्र हो त ? कम्तीमा एक लाख रूपैयाँसम्म बढाउनुपर्छ भन्ने हाम्रो माग हो ।' उनले स्वास्थ्य स्वयंसेविकालाई दिइने भत्ता पनि ४०० बाट एक हजार ५०० रूपैयाँ बढाउनुपर्ने माग गरिन् । उनले भनिन्, 'योगदानमा आधारित सामाजिक सुरक्षाबारेमा सरकारले सोच्नुपर्छ । ताकि हामीहरूको पनि काम गर्न जाँगर बढोस् । सरकारले ऊर्जा थप्ने काम गर्दिनुपर्छ । स्वयमसेविका भन्दैमा त्यसै काम लगाउन पाइँदैन ।'

सरकारले महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका कार्यक्रम वि.सं. २०४५ सालदेखि २८ जिल्लाबाट सुरु गरेको थियो । स्वास्थ्य स्व्यंसेविकाले पोषण तथा खोप कार्यक्रम, सरुवा तथा महामारी रोग नियन्त्रणमा सहयोग, वातावरणीय तथा व्यक्तिगत सरसफाइ, परिवार नियोजनसम्बन्धी सल्लाह दिने, सुरक्षित मातृत्व तथा नवजात शिशु सरसफाइसम्बन्धी समाजमा भूमिका निर्वाह गर्दै आइरहेका छन् । प्रतिकारात्मक तथा प्रवर्द्धनात्मक सेवा पुऱ्याउन सहयोग गरिरहेका महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका हाल देशभर सेवारत छन् । हाल ५१ हजार ४२३ जना महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका सेवारत रहेको तथ्यांक छ । *रासस*

उपनिर्वाचनको परिणामपछि माओवादीको निष्कर्ष

# एक्लै निर्वाचन लड्ने आधार तयार

**काठमाडौं–** नेकपा (माओवादी केन्द्र)ले स्थानीय तहको उपनिर्वाचनको परिणाम उत्साहजनक भएको र यसले आगामी निर्वाचन एक्लै लड्ने आधार तयार गरेको निष्कर्ष निकालेको छ । पार्टी अध्यक्ष पुष्पकमल दाहालको निवास खुमलटारमा बसेको केन्द्रीय कार्यालयको बैठकले यस्तो निष्कर्ष निकालेको हो ।

'आजको बैठकमा स्थानीय तह उपनिर्वाचनको प्रारम्भिक समीक्षा गरिएको छ । जितेका सिट संख्या र लोकप्रिय जनमत दुवै हिसाबले प्राप्त परिणामलाई उत्साहजन भएको निष्कर्ष निकालिएको छ', बैठकपछि प्रवक्ता अग्निप्रसाद सापकोटाले भने, 'यसले अब आगामी निर्वाचनमा आफ्नै एजेन्डा र पहिचानसहित एक्लै निर्वाचन लड्ने आधार तयार गरेको छ भन्ने आजको कार्यालय बैठकको निष्कर्ष हो ।' यसअघि पार्टीले जितेका रुकुमपूर्वको पुथाउत्तरगंगा र हुम्लाको सर्केगाड गाउँपालिका जोगाएर बाँकी पालिका र वडामा थप गर्नुका साथै लोकप्रिय जनमतका हिसाबले दोस्रो हुनुलाई माओवादी केन्द्रले उपलब्धिको रूपमा लिएको छ ।

'अन्य सबै दलहरू मिलेर गठबन्धन गर्दा पनि रुकुमपूर्वको पुथाउत्तरगंगा गाउँपालिकामा भारी मन्तान्तरले विजयी हुनु, त्यहाँको वडामा निर्विरोध हुनु, जाजरकोटको नलगाड नगरपालिका, मोरङको ग्रामथान गाउँपालिका, नुवाकोट, उदयपुर, गोरखा, धनुषा, डोल्पाका वडालगायत ठाउँमा भारी मतान्तरले विजयी हुनु, काठमाडौंको कीर्तिपुर नगरपालिकासहित १२ ठाउँमा उल्लेख्य मत पाउनुलाई जनतामा माओवादीप्रति बढेको विश्वास र उत्साहको रूपमा लिइएको छ', प्रवक्ता सापकोटाले भने । यो निर्वाचनमा माओवादीले मोरङको ग्रामथान गाउँपालिकाको अध्यक्ष र जाजरकोटको नालगाड नगरपालिकाको उपमेयर कांग्रेसबाट खोसेको थियो ।

जनतासँग सम्बन्ध प्रगाढ बनाउन नसक्नुलाई कमजोरीका रूपमा लिँदै आफ्नो वर्गप्रति फर्कने अभियान सुरु गरेको प्रवक्ता सापकोटाको भनाइ छ । उनले भने, 'यो उपनिर्वाचनले वृहत वामपन्थी एकीकरण र कम्युनिष्ट पार्टीको पुनःगठनका लागि हामीलाई थप आधार दिएको छ । अब यही २७ गते स्थायी समिति र त्यसपछि केन्द्रीय समिति बैठक बस्दैछ, त्यहाँ पनि समीक्षा हुनेछ । जिल्ला र प्रदेशहरूबाट पनि समीक्षा प्रतिवेदन आइरहेका छन् । हाम्रो प्रारम्भिक समीक्षाले परिणामलाई उत्साहवर्द्धन भनेको छ ।' बैठकले पार्टीका पालिका सम्मेलन र पालिकास्तरका खबरदारी सभाहरूलाई प्रभावकारी बनाउने निर्णय गरेको छ । खबरदारी सभाका लागि केन्द्रीय नेताहरूलाई पालिकास्तरमा खटाउने निर्णय गरेको प्रवक्ता सापकोटाले जानकारी दिए ।


## युएइमा रोजगार

कम्पनी : Group 4 Falck Services LLC

पूर्व स्वीकृति मिति : २०८१/०८/१६ | LT. No. 314753 | चलानी नं. ६०२२९०४६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Porter | 100 | 0 | 800 | २९,५१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ मंसिर २८ गते (13th Dec. 2024) मा हुनेछ ।
झापा, बिर्तामोड, Siddhartha Hotel मा मिति: २०८१ मंसिर २९ गते (14th Dec. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ५१६/०६१/०६२

ALPHA SIGMA OVERSEAS PVT. LTD.
Sinamangal-09, Kathmandu, Nepal, Tel : +977-1-4561946, 4561827
E-mail : alphasigmanepal@gmail.com, alphanepal@wlink.com.np,Website : www.Imperial.com.np

## साउदीमा रोजगार

कम्पनी : AHMED MOHAMMED AL OTHAIM INDUSTRIAL COMPANY

पूर्व स्वीकृति मिति : २०८१/०८/१९ | LT. No. 314839 | चलानी नं. ६०२२९२९०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker (Manufacturing die-c | 5 | 0 | 1000 | ३६,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ मंसिर २८ गते (13th Dec. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. Lic. No. 816/065/066

IMPERIAL OVERSEAS PVT. LTD.
Sinamangal-9, Gairidhara, Kathmandu, Nepal.Tel : +977-1-4485530, Mobile: 9818851067
Email: imperialovs2009@gmail.com,, imperialoverseas@hotmail.com,Website:- imperialoverseas.com.np

## युएइमा रोजगार

कम्पनी : UNITED MANAGEMENT RECRUITMENT L.L C.

पूर्व स्वीकृति मिति : २०८१/०८/२० | LT. No. 314626 | चलानी नं. ६०२२९२८४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Brick Masons | 40 | 0 | 1200 | ४४,२६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Carpenter | 40 | 0 | 1200 | ४४,२६५ | | | | | | | |
| 3 | Construction Worker | 40 | 0 | 800 | २९,५१० | | | | | | | |
| 4 | Reinforc Fitters | 40 | 0 | 1200 | ४४,२६५ | | | | | | | |
| 5 | Steal Fixer | 40 | 0 | 1200 | ४४,२६५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ मंसिर २८ गते (13th Dec. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

TARGET
Target Consultant Human Resources Pvt. Ltd.
Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251
E-mail: info@targetnepal.com, Web: www.targetnepal.com
श्रम ईजाजत नं. ८३३/०६६/०६७

## साउदीमा रोजगार

कम्पनी : HAYAT CLEANING COMPANY IS A ONE PERSON COMPANY

पूर्व स्वीकृति मिति : २०८१/०८/१९ | LT. No. 314854 | चलानी नं. ६०२२९२६८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper | 8 | 0 | 1000 | ३६,०५७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ मंसिर २७ गते (13th Dec. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Prince International Employment Service Pvt. Ltd.
Samakhusi-26 Ktm, Nepal, Tel : +977-1-4387650, Mobile: 981-3952892, 9706180600, 9813952892
E-mail : info@princeies.com, mkhatiwada799@gmail.com, binod2551@gmail.com
श्रम ईजाजत नं. ४३५/०६०/०६१


## गोलिया काठ/दाउराको बोलपत्रद्वारा लिलाम बिक्री सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०८१/०८/२१

किराँत धार्मिक वन ललितपुर म.न.पा. २३ ललितपुरको वन क्षेत्रमा २०८१ साल असोज महिनामा भएको अविरल वर्षाका कारण ढलेका रूखहरू कटान मुछान गरी उत्पादन मसला लगायत विभिन्न प्रजातिका ९५१.६० क्यु.फि. काठ तथा ३ चट्टा दाउरा जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी शिलबन्दी बोलपत्रवाट लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक व्यक्ति, संघ, संस्था, फर्म वा कम्पतीले यो सूचना प्रकाशित मितिले २१ दिन भित्रमा बोलपत्र फारम खरिद गरी यसै कार्यालयमा २२ औं दिन दिउसो १:०० बजे भित्र शिलबन्दी वोलपत्र दाखिला गर्न सूचित गरिन्छ । बिस्तृत सूचना कार्यालयको वेभसाईट dfolalitpur.gov.np मा राखिएको तथा कार्यालयको सूचना पार्टीमा टाँस गरिएको व्यहोरा सूचित गरिन्छ ।

**डिभिजन वन कार्यालय ललितपुर**
**गोदावरी, नेपाल**

## लाफा ग्रुप लिमिटेड

का.म.पा.-०१, नक्साल, काठमाडौं

**सातौं वार्षिक साधारण सभा बस्ने सूचना**

यहि मिति २०८१ साल पुष २० गते शनिबार तदअनुसार 4 January 2025 मा यस लाफा ग्रुप लिमिटेडको वार्षिक साधारण सभा बस्ने भएकाले निम्न मिति, स्थान र समयमा सम्पूर्ण शेयरधनीहरुलाई उपस्थित भइदिनु हुन अनुरोध छ ।

मिति : २०८१/०९/२० (4 January 2025)
स्थान : नक्साल स्थित लिसरा रिसेप्सन
समय : विहान ११:०० बजे

**छलफलका विषय :**

१. सातौं वार्षिक साधारण सभाबाट सञ्चालक समितिको प्रतिवेदन छलफल गरी पारीत गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०८१ असार मसान्तको वासलात तथा सोही मितिमा समाप्त आर्थिक वर्ष २०८०/२०८१ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र सम्बन्धित अनुसूचीहरु छलफल गरी स्वीकृत गर्ने ।
३. आ.व. २०८१/०८२ को लागि लेखापरीक्षक नियुक्ति र निजको पारिश्रमिक निर्धारण ।
४. भावी कार्य योजना माथि छलफल गरी पारीत गर्ने ।
५. विविध ।

**सञ्चालक समितिको आज्ञाले**
**कम्पनी सचिव**


## H.K. Interprises
Sindhupalchowk

| ITEM NAME | MODEL NO. | MRP |
|---|---|---|
| RANGEHOOD | HC-3 | 7150 |
| RANGEHOOD | HA-1 | 7150 |
| RANGEHOOD | HC-3 | 7470 |
| RANGEHOOD | T2 | 9600 |

*Maximum Retail Price:*
**Mobile No: 9851094690**

## युएईमा रोजगार

कम्पनी : CHENOTH EMPLOYMENT - SOLE PROPRIETORSHIP LLC

पूर्व स्वीकृति मिति : २०८१/०६/१६ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०८/२१ | LT. No. 311620 | चलानी नं. ६०२२६१४५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Worker/Labour | 1000 | 0 | 1000 | ३६,८९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Electrician - Building | 1000 | 0 | 1200 | ४४,२६५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ मंसिर २८ गते (13th Dec. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Access Partners Nepal Pvt. Ltd. Gov.Lic.No. : 1101/073/074
Tokha-10, Samakhusi, Kathmandu, Nepal Tel:+977-1-014956899, E-mail : mail@apnepal.com.np, Website : www.apnepal.com.np


# Gauriganj Rural Municipality

## Office of Rural Municipal Executive

**Koshi Province**
**Gauriganj, Jhapa**

## Invitation for Bids (IFB)

**Notice No:- 06/2081-82**
**First date of publication: 2081/08/21 B.S.**

1. **Gauriganj Rural Municipality, Office of Rural Municipal Executive** invites electronic bids from duly eligible and qualified registered bidders for procurement of mentioned goods under National Competitive Bidding procedure. Some of the qualification criteria are mentioned below, through the details are in the bidding document.

| Contract No | Description of Works | Bid Security Amount (NRs.) | Bid Document Price (NRs.) |
|---|---|---|---|
| GRMW/NCB/ GOODS/01/2081-82 | Procurement of ladies cycle | 59,000.00 | 3000.00 |

2. A complete set of Bidding Documents may be downloaded from the **PPMO E-Portal-www.Bolpatra.gov.np/egp (e-GP )**

**Information to deposit the cost of bidding document in Bank:**
Name of the Bank: NIC Asia Bank Ltd.
Name of Office: Gauriganj Rural Municipal, Jhapa
Ga 1.1 Aantarik Rajaswa khata Account no.: 0872050028409002

**Information to deposit the bid security amount in Bank:**
Name of the Bank: NIC Asia Bank Ltd.
Name of Office: Gauriganj Rural Municipal, Jhapa
Ga 3 Dharauti Khata Account no.: 0872050028426002

3. Electronic bids must be submitted through e-GP system i.e www.bopatra.gov.np/egp on or before 2025-01-05(2081/09/21 BS) 12:00 hours . Bids received after this deadline will be rejected.
4. The Bids shall be opened in the presence of Bidders' representatives who choose to attend at 2025-01-05(2081/09/21 BS) 13:00 hours at the office of Gauriganj Rural Municipal, Jhapa, Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security which shall be valid for 30 days beyond the validity period of the bid i.e 120 days.
5. If the last date of purchasing, submission and opening falls on a government holiday then the next working day shall be considered as the last day. In such a case the bid validity and bid security validity shall be recognized with effect from the original submission deadline.
6. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.
7. For further information Bidders can contact on following contact number during office hour :-(Planning Section-9849093786 )

**Chief Administrative officer**

## अजिरकोट गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**
**भच्चेक, गोरखा गण्डकी प्रदेश नेपाल**

## बोलपत्र स्वीकृति गर्ने आशयको सूचना

*(प्रकाशित मिति : २०८१/०८/२१ गते)*

यस कार्यलयबाट मिति २०८१/०७/०९ विद्युतीय खरिद प्रणाली (https.//bolpatra.gov.np/egp) मा प्रकाशित खरिद नं.ARM/NCB/GOODS/05/2081/82 (Procurement of supply and delivery of medicines and medicinal accessories for Bhachchek Basic Hospital) को सूचना अनुसार रितपूर्वक दर्ता हुन आएका शिलबन्दी दरभाउपत्रहरू मध्येबाट न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावकारी तपसिलमा उल्लेखित बोलपत्रदाताको बोलपत्र स्वीकृत गर्ने आशयले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ र दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल :**

| क्र. सं. | ठेक्का नं. | कामको विवरण | बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (मु.अ.क. सहित) | कैफियत |
|---|---|---|---|---|---|
| १. | ARM/NCB/ GOODS/05/ 2081/082 | Procurement of supply and delivery of medicines and medicinal accessories for Bhachchek Basic Hospital | Dhurba Tara Medilink Pvt. Ltd. Sundarmarg-8 pokhara | रु. १४,१६,६३४.५१/- (अक्षरूपी चौध लाख सोह्र हजार छ सय चौतिस रूपैया एकाउन्न पैसा मात्र) | |

.........................................
**नि. प्रमुख प्रशासकीय अधिकृत**

प्रभाव दैनिक
National Daily

सम्पादकीय

# प्रधानमन्त्री ओलीको चीन भ्रमण औपचारिकतामा सीमित

४८ जनाको सरकारी टोली लिएर ४ दिन चीन घुमेपछि प्रधानमन्त्री केपी शर्मा ओली स्वदेश फर्केका छन्। दक्षिणको छिमेकी भारतले नबोलाएको झोंकमा उत्तर निस्केका प्रधानमन्त्री ओलीबाट बीआरआई सम्झौता र पोखरा विमानस्थलको ऋणलाई अनुदानमा बदल्ने आशा गरिएको थियो। तर यो भ्रमण केवल औपचारिकतामा सीमित रह्यो। ९ अर्ब अनुदान दिएको विषय उल्लेख गरेपनि यो २०७२ यताको सहयोगमा उल्लेख गरिने देखिन्छ। चीनले भूकम्पपछिको पुनर्निर्माणमा गरेको सहयोग, कोभिडकालमा दिएको खोपसमेत यी अनुदानमा जोडिएको छ।

पोखरा विमानस्थल बन्दाको २६ अर्ब ऋण भने कसरी तिर्ने ? सरकारसँग कुनै योजना छैन। यही ऋणका कारण नेपाल चीनसँग पटकपटक झस्किएको छ। कारण चीन सरकारको सहयोगमा बनेको यो विमानस्थलमा अन्तरराष्ट्रिय उडान हुन सकेको छैन। एउटा विमानस्थल प्रयोगमा आएपछि उडानहरूबाटै आम्दानी गर्न सकिन्छ। तर यो विमानस्थलमा अन्तरराष्ट्रिय उडानहरू हुन नसक्दा निकै अप्ठेरोमा परेको छ सरकार। यतिमात्र हैन चीनले चक्रपथ निर्माण पूर्णता दिने बारेमासमेत बेवास्ता गर्दै आएको छ। अरनिको राजमार्गको मर्मत, विभिन्न परियोजनाका विषयमा पनि चीनसँग सरकारले खुलेर सम्झौता अगाडि बढाउन सकेको छैन। मुलत चीन भौगोलिक रूपमा पनि नेपालसँग सम्बन्ध राख्न उपयुक्त देखिँदैन। कुनै बेलाको व्यापारिक केन्द्र रहेको उत्तर अब सडकका विकासले असहज बन्दै गएको छ।

यस्तो अवस्थामा चीनले नेपाललाई रेलमार्गको लोभ देखाउँदै आएको छ। यस विषयको पहिलो ब्रान्ड एम्बासडर ओली नै बनेका थिए। चीनबाट रेल आएपछि पोखरादेखि बेनी हुँदै पर्वतको कुश्मासम्म पुग्ने दाबी गरेका थिए। ओलीले कुश्मामा रेल स्टेसन नै बन्ने बताएका थिए। तर चीन भ्रमणपछि काठमाडौं ओर्लिँदा रेलबारे मौन रहे। २०७४ मै २ वर्षपछि नेपालमा चिनियाँ रेल भित्रिने उद्घोष गरेका ओली पछिल्लोपटक यस विषयमा प्रश्न गर्दा प्रतिकारमा उत्रन्छन्। प्रधानमन्त्रीले आफ्नो चीन भ्रमणबारे जारी गरेको १४ गते विज्ञप्तिमा पनि ओलीले रेलबारे केही उल्लेख गरेका छैनन्। यसो त बीआरआईको १० बुँदामा भने यो विषय परेको चर्चा गरिएको छ। यो रेलमार्ग लगानी र भौगोलिकताको हिसाबमा तत्काल पुरा हुने सम्भावना पनि देखिन्न।

## मनन्योग्य

### चाणक्य नीति

यस सामाजिक नियमलाई जसले तोड्दछ, कसूर ठहरिन्छ। कसूरको मात्रालाई विचार गरेर यस्तो कसूर गर्नेलाई दण्ड सजाय पनि हुने गर्दछ। यस्तो दण्ड सजाय गर्ने नै 'धर्म देवता' हुन्, जसलाई 'यमराज' पनि भनिन्छ। यमराज कतिसम्म सावधान भई आफ्नो कर्तव्यको पालना गर्नुपर्छ अति सामान्य त्रुटि हुन गएछ भनें यमराज स्वयम्ले पनि सजाय भोग्नुपर्दछ भन्ने कुरा हामी ज्यादै थोरै व्यक्ति मात्रले थाहा पाएका छौं।

'धर्मको गति बुझिनसक्नु छ' 'र्मका तात्विक विषयहरू यत्रतत्र पाइँदैनन् ती सबै कुरा गुफाभित्र लुकिछिपी रहेका छन् अर्थात् बुझ्नलाई निकै परिश्रम चाहिन्छ। धर्मबारे यस्तै तर्क-वितर्कहरू लोकमा अद्यापि प्रचलित छँदैछन्। कुन कुरा धर्म हो, कुन कुरा अधर्म हो यस विषयको निश्चय सामान्य बुद्धि भएका मानिसले गर्न सक्दैन। धर्म र अधर्मका तत्त्व के हुन् भन्ने कुरा भगवान् स्वयम्ले मात्र बुझ्नुभएको छ अथवा भगवान्लाई भेट्न पाउने ऋषि महर्षिहरूले बुझेका होलान्। भगवान्को त्यो रूप जसले सकल प्राणीको हृदयभित्र रहेर सम्पूर्ण जगत् र प्राणीहरूलाई आफूभित्र समाहित गरेको छ। धर्मकै आधारमा नै सबैको स्थिति (व्यवस्था) बनेको छ। धर्ममा नै सबै कुरा आबद्ध छन्। यसैले धर्मलाई परम तत्त्व भनिएको छ।

भाव-भेदका कारण (१) आध्यात्मिक (२) आधिदैविक (३) आधिभौतिक गरी तीनवटा धर्मका स्वरूप छन्। धर्मको पहिलो आध्यात्मिक स्वरूप स्वयम् भगवान् नै हुनुहुन्छ। दोस्रो आधिदैविक स्वरूप धर्मराज अथवा यमराजलाई मानिएको छ। यिनैले यस संसारमा विचरण गरेर पुण्य गर्ने र पाप गर्नेहरूका कर्म र कुकर्मको पहिचान गर्दै कर्मफलको व्यवस्था गर्दछन्। यसैले धर्मराजलाई सकल प्राणीको व्यावहारिक धर्मको अधिष्ठातृ देवता हुन् भनी मानिँदै आएको छ। तेस्रो आधिभौतिक स्वरूप भन्नु सामाजिक व्यवस्था हो। शास्त्र र यसको तत्त्वलाई भलिभाँती बुझेका ऋषि महर्षिहरूले सामाजिक व्यवस्थाका नियमहरू बनाएका छन्। यी नियमहरूको पनि देश, काल, पात्र, शक्ति, वय आदिले गर्दा अनेकौं भेद र प्रकारहरू बनेका छन्। क्रमशः

# सार्वजनिक यातायातमा सरकारी लगानीको अपरिहार्यता



■ आशिष गजुरेल

सार्वजनिक यातायातको राम्रो सुविधा हुने हो भने गरिब, मध्यमवर्गीय र धनी वर्गहरु सबैले यसको प्रयोग गर्ने कुरामा दुई मत रहँदैन। मोटरसाइकल चालकदेखि निजी कार चढ्नेहरुको पनि आफ्नै व्यथाहरु छन्। मोटरसाइकल सुरक्षाको दृष्टिकोणबाट निकै जोखिमपूर्ण छ। पानी पर्दा, गर्मी हुँदा, जाडो मौसममा मोटरसाइकल चढ्नु अति नै कष्टदायक हुन्छ। कार चढ्नेलाई यातायात निकै महँगो हुन्छ। त्यसका साथसाथै सधैं पार्किङ समस्या र जामले सताइरहन्छ। यस्तो अवस्थामा सार्वजनिक यातायातले यस्ता समस्याको समाधान गरी दिन्छ। सार्वजनिक यातायातको विकास गरेर एकीकृत टिकट, एकीकृत समय तालिका, सफा, आरामदायी, भरपर्दो र सुरक्षित यातायातको माध्यम काठमाडौंमा सुरु गर्नेबाहेक अहिले अर्को उत्तम विकल्प छैन।

■■■

नेपालमा ६० लाखभन्दा बढी सवारीसाधन दर्ता भएका छन्। यी मध्ये ३५ लाख सवारीसाधन सञ्चालनमा रहेको अनुमान छ। आधिकारिक तथ्यांक नहुँदा हामीले अनुमानको भरमा काम चलाउनुपर्ने बाध्यता रहेको छ। यी सवारीसाधनमध्ये जम्मा चार प्रतिशतमात्र सार्वजनिक सवारीसाधनको संख्या हो। जर्मनीमा सार्वजनिक यातायातको भल्युम कूल सवारीको संख्याको १० प्रतिशत रहेको तथ्यांकले देखाएको छ।

हाम्रो सार्वजनिक यातायातमा निजी क्षेत्रको लगानी र नियन्त्रणमा रहेको छ। राज्यको लगानी साझा यातायातको करिब १०० वटा बसमा मात्र रहेको छ। सार्वजनिक यातायातको हकमा राज्यले दर्ता गर्ने, नवीकरण गर्ने, रुट तोक्ने, टिकट मूल्य तोक्ने, कर उठाउने, वातावरण कर उठाउने र नम्बर प्लेट दिने कार्य गर्दछ। निजी क्षेत्रले नियमको परिधिभित्र रही आफ्नै समय तालिका र आफ्नै नियन्त्रणमा सार्वजनिक यातायातको व्यवस्थापन र सञ्चालन गर्ने गर्छ।

विकास भन्नेबित्तिकै हाम्रो मस्तिष्कमा राम्रो र फराकिलो सडक अनि वरिपरिको झिलिमिलि तथा अग्ला घरहरूको प्रारूप आउँछ। बेलायतको आर्थिक क्रान्तिलाई पनि रेलको विकासले सहयोग गरेको थियो। जुनै पनि विकासको लागि न्यूनतम आधार भनेको सडक नै हो। विमानस्थल बनाउन होस् वा जलविद्युत् आयोजना बनाउन होस् सबै कार्यका लागि सामान ढुवानी गर्न र कामदारहरूको ओसारपसार गर्न सडक नै चाहिने हुन्छ।

## सार्वजनिक यातायातका चुनौती

सार्वजनिक यायातात क्षेत्रमा निजी क्षेत्रले लगानी गर्दा आफूले लगानी गर्न नपरेकोमा राज्य खुसी रहेको अवस्था छ। यसले सार्वजनिक यातायातमा सुधार हुन सकेको छैन। नेपालमा एकीकृत योजना, एकीकृत समय तालिका, एकीकृत टिकट सिस्टम, एकीकृत रुट सिस्टम लागू गर्न नसक्नु सार्वजनिक यातायातको मुख्य चुनौतीको रूपमा रहेको छ। राज्यको लगानी नहुँदा यसमा सुधारहरू गर्न सकिएको छैन। निजी क्षेत्रले लगानी गरी सार्वजनिक सवारीसाधनहरू खरिद गर्ने र सार्वजनिक यातायातलाई 'सेवा' क्षेत्रभन्दा व्यावसायिक भनी परिभाषित गरी नाफा कमाउने उद्देश्यका साथ सञ्चालन र व्यवस्थापन हुँदा समस्या भएको हो।

## निजी क्षेत्रको लगानीको ढाँचा

निजी क्षेत्रका सवारीसाधनहरू समितिमार्फत सञ्चालन भएकोमा कम्पनी मोडलमा गयो तर यसले कुनै प्रत्यक्ष देखिने सुधार भएन। एउटा सवारीसाधन भएका सञ्चालकदेखि १०० भन्दा बढी सवारीसाधन भएका सञ्चालकहरू नेपालमा रहेका छन्। सार्वजनिक बस खरिद गर्ने, यातायात व्यवस्था विभाग वा अन्तर्गतका कार्यालयहरूबाट रुट स्वीकृति लिने र तोकिएको दरमा सार्वजनिक यातायात सञ्चालन गर्ने गरिन्छ। टिकट बेचेको मूल्यबाट लगानीको प्रतिफल उठाउने मोडल नै नेपालमा लागू भइरहेको छ।

निजी क्षेत्रलाई सार्वजनिक यातायात सञ्चालनका लागि कुनै समय तालिका मान्नुपर्ने बाध्यता छैन। त्यसैले यात्रु नबोकुञ्जेल एकठाउँमा रोकिराख्ने चलन रहेको छ। सवारीसाधनमा कोचाकोच गरी असुरक्षित तवरबाट यात्रा गर्न हामी बाध्य छौं। समयमा गन्तव्यसम्म नपुग्ने र कठिन गरी यात्रा गर्नुपर्ने हाम्रो बाध्यता रहेको छ। बालबालिका, अपांगता भएका व्यक्तिहरू, बिरामी, वृद्धा, अशक्तलाई सार्वजनिक यातायतमा यात्रा गराउन फलामको चिउरा चपाएसरह छ।

## निजी क्षेत्र पनि असन्तुष्ट

निजी क्षेत्र जसले लगानी गरिरहेका छन्, उनीहरूबाट पनि नाफा छैन, राज्यले केही सहुलियत दिँदैन, राज्यबाट सहजीकरण हुँदैन भन्ने भाष्य नै सुनिन्छ। तर पनि सार्वजनिक यातायातमा नयाँ लगानी थपिरहनु पनि एउटा आश्चर्य नै छ। जसोतसो यात्रु कोचेर, कष्ट भए पनि आरामदायी यात्रा गरिरहेको आकलन गर्न सकिन्छ। नत्र किन निजी क्षेत्र लगानी गरिरहन्छ त ? जे होस्, निजी क्षेत्रको लगानी, सञ्चालन र व्यवस्थापनले हाम्रो देशमा सार्वजनिक यातायात उपलब्ध हुनुलाई पनि उपलब्धि मान्नुपर्छ।

## राज्यको लगानी

विक्रम् सम्बत् २०१८ मा स्थापना भएको साझा यातायात सार्वजनिक यातायात सेवा प्रदान गर्ने सहकारी संस्था हो। हाल यस संस्थामा ७१ वटा ठूला डिजेल बसहरू सञ्चालनमा छन् भने थप ४० विद्युतीय सवारीसाधन रहेका छन्। यस संस्थाको माध्यमबाट राज्यले सार्वजनिक सवारीमा लगानी गरेको छ तर कूल सार्वजनिक यातायातमा यसको संख्या न्यून हो। यो बाहेक सार्वजनिक सवारीको हकमा एक, दुई नगरपालिकाहरूले बस खरिद गरी सार्वजनिक यातायातको रूपमा सञ्चालन गरेको बाहेक अरु उदाहरण छैन। सार्वजनिक यातायातमा राज्यको उपस्थित नहुँदा, सर्वसाधारणलाई निजी सवारी किन्न बाध्यताजस्तो भएको छ। सार्वजनिक यातायातमा लगानी गर्दा सामाजिक तथा आर्थिक गतिविधि बढ्ने हुँदा राज्यको लगानी आवश्यक हुन्छ। राज्यले साझा यातायातमा तीन अर्ब रूपैयाँ लगानी गरेको छ।

## अन्य देशमा के छ ?

भारतमा रेल तथा मेट्रो रेल राज्यको लगानी हो। सार्वजनिक बस पनि प्रादेशिक सरकार वा स्थानीय सरकारकै लगानीमा सञ्चालन र व्यवस्थापन भएका छन्। निजी क्षेत्रको लगानी भए पनि राज्यको नियन्त्रणमा रहेको छ। जस्तैः दिल्ली परिवहन निगम वा कलकत्ता परिवहन निगम सरकारी स्वामित्वकै हुन्। जर्मनीलगायत युरोपियन देशहरूमा राज्यकै लगानीमा सार्वजनिक प्राधिकरणमार्फत सञ्चालन र व्यवस्थापन हुने गर्छन्। यस्ता प्राधिकरणमा निजी क्षेत्रलाई पनि लगानी गर्ने वातावरण मिलाइन्छ।

युरोपेली देश लक्जेम्वर्गमा सार्वजनिक यातायातलाई निःशुल्क गरिएको छ। दिल्लीमा महिलाको रोजगारीमा सहभागिता बढाउन सार्वजनिक बस निःशुल्क गरिएको छ। संसारभरि नै सार्वजनिक यातायातमा राज्यको लगानी र नियन्त्रणमा रहेको देखिन्छ।

सहरी यातायात व्यवस्थापनका लागि उल्लेख्य काम गरेको जर्मनीको म्युनिक यातायात प्राधिकरणको कार्यसम्पादनबाट पनि हामीले सिक्न सक्छौं। यस प्राधिकरणले सम्पूर्ण यातायातको नीति निर्माण, कार्यान्वयन, सञ्चालन, व्यवस्थापन लगायतका काम स्वयंले अगाडि बढाइराखेको छ। म्युनिकमा अपनाइएको एकीकृत यातायात अवधारणाअनुसार बस, ट्राम, लाइट रेल तथा मेट्रोको समन्वयात्मक समय तालिका, रुट योजना तथा टिकेट निर्धारण गरी सार्वजनिक यातायात सञ्चालन गर्न सकिएमा मात्र पनि हाम्रो मुलुकमा हाल सञ्चालनमा आएका बस, मिनीबस, टयाम्पु, माइक्रोबसलाई एकीकृतरूपमा परिचालन गरी सार्वजनिक यातायातलाई व्यापक सुधार गर्न सकिने छ।

## नेपालमा के गर्ने ?

सर्वसाधरणको प्रत्यक्ष सरोकार राख्ने सार्वजनिक यातायातको यो दुरावस्थालाई लामो समयसम्म रहन दिनु हुँदैन। नेपालमा सार्वजनिक यातायातको विकास, सुधार र व्यवस्थापनका लागि स्पष्ट जिम्मेवारीका साथ निकाय तोक्ने र स्पष्ट नीति तर्जुमा गर्ने काममा ढिलाइ गर्नु हुँदैन। अहिले यातायात व्यवस्थापनको जिम्मा यातायात व्यवस्थापन विभाग र ट्राफिक बत्ती व्यवस्थानको जिम्मा सडक विभागको भए पनि यी निकायबीच तालमेल र समन्वय हुन नसक्दा यातायात क्षेत्रमा अन्योल कायमै छ।

त्यसबाहेक काठमाडौं महानगरपालिका, काठमाडौं उपत्यका विकास प्राधिकरण, यातायात मन्त्रालय, र सडक विभागले पनि सार्वजनिक यातायातलाई आफ्नो कार्यक्षेत्रमा राखेका छन्। यसरी एउटै क्षेत्र हेर्ने आधा दर्जनभन्दा बढी सरकारी निकायबीच जिम्मेवारी र अधिकार स्पष्ट किटान गरी उनीहरूबीच समन्वय कायम गरेमामात्र हालको ट्राफिक व्यवस्थापनको समस्याहरूलाई समाधान गर्न सकिने देखिन्छ।

२०७९ असोज ९ गते नेपालमा सहरी क्षेत्र सार्वजनिक यातायात (व्यवस्थापन) प्राधिकरण ऐन, २०७९ प्रमाणीकरण भएको छ। अब यस प्राधिकरणमार्फत सार्वजनिक यातायात कम्पनीहरू स्थापना गर्ने, स्थानीय सरकारहरू मिलेर देशभरि सार्वजनिक यातायात कम्पनीहरू स्थापना गर्ने, यस कम्पनीमा राज्य र निजी क्षेत्र दुवैले लगानी गर्ने। यस कम्पनीमार्फत एकीकृत योजना, एकीकृत टिकट, एकीकृत खट र एकीकृत समय तालिका अनुसार सार्वजनिक यातायात व्यवस्थापन गर्ने। राज्य र निजी क्षेत्रले सार्वजनिक निजी साझेदारी (पिपिपी) मोडलमा सार्वजनिक यातायातको व्यवस्थापन गर्न उपयुक्त हुने देखिन्छ। राज्यको लगानी र नियन्त्रणविना सार्वजनिक यातायातको व्यवस्थापन कुनै हालतमा सम्भव हुने छैन।

सार्वजनिक यातायातको राम्रो सुविधा हुने हो भने गरिब, मध्यमवर्गीय र धनी वर्गहरू सबैले यसको प्रयोग गर्ने कुरामा दुई मत रहँदैन। मोटरसाइकल चालकदेखि निजी कार चढ्नेहरूको पनि आफ्नै व्यथाहरू छन्। मोटरसाइकल सुरक्षाको दृष्टिकोणबाट निकै जोखिमपूर्ण छ। पानी पर्दा, गर्मी हुँदा, जाडो मौसममा मोटरसाइकल चढ्नु अति नै कष्टदायक हुन्छ। कार चढ्नेलाई यातायात निकै महँगो हुन्छ। त्यसका साथसाथै सधैं पार्किङ समस्या र जामले सताइरहन्छ। यस्तो अवस्थामा सार्वजनिक यातायातले यस्ता समस्याको समाधान गरी दिन्छ। सार्वजनिक यातायातको विकास गरेर एकीकृत टिकट, एकीकृत समय तालिका, सफा, आरामदायी, भरपर्दो र सुरक्षित यातायातको माध्यम काठमाडौंमा सुरु गर्नेबाहेक अहिले अर्को उत्तम विकल्प छैन। यसप्रति राज्यले जति सक्दो छिटो आवश्यक पहल र विकास थाल्न जरुरी छ।

*(सार्वजनिक यातायातविज्ञ गजुरेलको यो लेख नेपाल आर्थिक पत्रकार समाज(सेजन)द्वारा प्रकाशित 'अर्थनीति' बाट साभार गरिएको हो। सं.)*

पत्र-मञ्जुषा

# राजस्व छल्न माहिर व्यापारी, अनुगमन नगर्ने अल्छी सरकार !

आमनागरिक अर्थमन्त्री विष्णु पौडेललाई सोध्छन्, 'कुनै पनि वस्तु तथा सेवा खरिद गरेपश्चात् बिल पाउने अधिकार हुन्छ कि हुँदैन ?' नेपालमा कहीँ कतै पनि बिल दिने चलन छैन। व्यापारीदेखि घरधनीसम्म पैसा लिन्छन् तर बिल दिँदैनन्। सरकार भन्छ, कुनै पनि वस्तु तथा सेवा खरिद गरेपछि अनिवार्य रूपमा बिल लिनू।

अनि दिनेले नदिएपछि कसरी लिनु ? सरकार बिल दिनुपर्ने व्यवस्था कडाइका साथ लागू गर्न सक्दैन। यसले आमनागरिक त मर्कामा परेका छन् नै सँगै राज्यलाई समेत ठूलो हानि नोक्सानी भइरहेको छ। पछिल्लो समय इसेवा, मोबाइल बैंकिङ, खल्तीलगायत वालेटहरू प्रचलनमा छन्।

अहिले चिया पसलदेखि होटल, रेस्टुरेन्ट, मेडिकललगायत जुनसुकै क्षेत्रमा यी वालेट सञ्चालनमा रहेका छन्। कुनै पनि पसल गएर सामान खरिद गरेमा व्यापारीहरू पैसाको साटो रकम ट्रान्सफर गरिदिनू भन्छन्। सोहीअनुरूप ग्राहकले पनि इसेवामार्फत रकम हालिदिन्छन्। तर, त्यो इसेवा सम्बन्धित व्यापारीको नाममा हुन्छ।

कम्पनीको नाममा हुँदैन। जसका कारण उनीहरूले दिनमा लाखौंको कारोबार गरे पनि राज्यलाई भने व्यापार नभएको भन्दै राजस्व छल्छन्। त्यसो त हाल मुलुकमा सञ्चालनमा रहेका अधिकांश व्यापार व्यवसायको दर्ता नै छैन। व्यापारीहरूले आफूले सकेसम्म राज्य र जनतालाई ठग्दै आएका छन्।

यता, पठाओमार्फत दिनहुँ लाखौं सर्वसाधारण यात्रा गर्छन्। कहीँ कतै जान हतार परेमा अहिले मानिसहरू सीधै पठाओ वा टयाक्सी बुकिङ गर्छन्। त्यसमा पनि इसेवाबाटै भाडा रकम ट्रान्सफर गर्ने गरिएको छ। सम्बन्धित चालकले आफ्नो व्यक्तिगत खातामा रकम हाल्न लगाउँछन्।

यसरी व्यक्तिगत खातामा रकम हाल्न लगाएपछि उनीहरूले आम्दानीबापत राज्यलाई तिर्नुपर्ने राजस्व छल्छन्। घरधनीहरू ठाउँअनुसार कोठा, सटर र फ्ल्याटको मूल्य तोक्छन्। अहिले उपत्यकामा एउटै कोठाको मासिक भाडा पाँच हजारदेखि २० हजार रूपैयाँसम्म छ। एक फ्ल्याटको ३० हजारदेखि तीन दुई लाख र एउटा सटरको २५ हजारदेखि १९ लाखसम्म रहेको छ। खाली सटर २० लाखदेखि ५० लाखसम्म किनबेच हुने गरेको छ।

रोचक कुरा त के छ भने घरधनीहरू डेराबहालसँग यत्रो भाडा उठाउँछन्। तर, न उनीहरूलाई बिल दिन्छन् न राज्यलाई राजस्व तिर्छन्। अहिले कतिपय घरधनीहरूले मोबाइलमार्फत पनि कारोबार गर्ने गरेका छन्। उनीहरू डेराबहाललाई इसेवा, मोबाइल बैंकिङमार्फत भाडा रकम ट्रान्सफर गरिदिन भन्छन्। सोबमोजिम डेराबहालले रकम ट्रान्सफर गरिदिन्छन्। अनि राज्यलाई तिर्नुपर्ने राजस्व भने विभिन्न बहाना बनाएर छल्छन्।

लामो तथा छोटो रुटको गाडीले दिनमै पाँच हजारदेखि ५० हजार रूपैयाँसम्म आम्दानी गर्छन्। तर, यिनीहरू पनि यात्रुसँग पैसा लिन्छन्, टिकट दिँदैनन्। अर्को कुरा निजी संघसंस्था, होटल, रेस्टुरेन्ट, घरहरूमा काम गर्नेलाई बैंकमार्फत तलब दिइादैन। किनकि बैंकमार्फत दिँदा सरकारले तोकेको पारिश्रमिक १७ हजार ३०० रूपैयाँ दिनुपर्छ।

यद्यपि, अहिले यी क्षेत्रमा काम गर्ने अधिकांश मानिसको तलब मासिक पाँच हजारदेखि बढीमा १० हजार रूपैयाँ रहेको छ। अहिले देशभर १४ सयभन्दा बढी यातायात कम्पनी तथा पालिक रहेका छन्। यिनीहरूले दिनकै लाखौं आम्दानी गर्दछन्। तर, राज्यलाई कर तिर्ने बेला कम्पनी घाटामा रहेको देखाएर राजस्व छलिन्छ।

व्यापारी व्यवसायीहरूले आमसर्वसाधारणलाई लुटिरहँदा र राज्यलाई राजस्व छल्दासमेत सरकार मौन बसिरहेको छ। न स्थानीय तह अनुगमन गर्छ न सरकारी स्वामित्वकै वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग। यता, राजस्व विभाग पनि व्यापारीहरूले कर त छलिरहेका छैनन् ? भनेर अनुगमनमा निस्किँदैन। प्रधानमन्त्री केपी शर्मा ओली र अर्थमन्त्री पौडेल राजस्व उठाउन र उपभोक्ता ठग्नबाट जोगाउन आवश्यक कदम चाल्न सक्दैनन्।

बरु प्रधानमन्त्री ओली मन्त्रीदेखि सचिवलाई आफ्नो कार्यालयमा बोलाउँछन् अनि गफ हाँक्छन्। व्यापारीहरू जनता र राज्यलाई ठगिरहेका छन्। किनकि सरकारभन्दा शक्तिशाली दलाली, व्यापारी, बिचौलिया भएका छन् सरकारले अनुगमनमा चासो नदेखाउँदा एकातिर जनताले सहुलियता पाएका छैनन् अर्कोतिर राज्य राजस्वबाट वञ्चित भएको छ। त्यसैले, यसतर्फ सरकारको बेलैमा जान जाओस्।

– रुषा थापा, भक्तपुर

## जानकारी

अब यस दैनिकले हरेक दिन पत्र-मञ्जुषा स्तम्भ सुरु गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ। *–संपादक*

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

# मिर्गौला रोगीका लागि वरदान बन्दै निःशुल्क डायलाइसिस सेवा

■ जमुना वर्षा शर्मा

**पोखरा–** मिर्गौला रोगीहरूका लागि गण्डकी प्रदेश सरकारले प्रदान गरेको निःशुल्क डायलाइसिस सेवा वरदान सावित भएको छ । सरकारी प्रयासले महँगो र जटिल उपचार सर्वसाधारणको पहुँचमा पुऱ्याएपछि बिरामी लाभान्वित भएका हुन् ।

पोखरा महानगरपालिका-१६ लामाचौरकी पूर्णकुमारी गुरुङलाई अब बाँच्ने आश जागेको छ । पोखरास्थित लेखनाथको सरुवा तथा संक्रामक अस्पतालमा डायलाइसिसको उपचारत गुरुङलाई अहिले निःशुल्क उपचार सेवाले सहज भएको हो । ज्यामी काम गर्ने श्रीमान्को कमाईले उपचार गर्न नसक्ने अवस्थामा पुगेकी गुरुङले यसअघि उपचारका लागि थुप्रै रकम ऋण गरेर खर्च गरिसकेको बताइन् । 'धेरै अस्पताल पुगियो उपचारमा थुप्रै रकम खर्च भइसक्यो, अब उपचार गर्न सकिँदैन भनेर आश मरेर बसेका बेला सरकारले निःशुल्क डायलाइसिसले सुविधा दिएपश्चात् बाँच्ने आशा जागेको हो,' गुरुङले भनिन्, 'कति ऋण गरियो कति अलिअलि जोरजाम गरेको रकम थियो सबै सकियो, अहिले अलिअलि खर्च गर्न परे पनी ऋण खोज्न हिँड्नुपरेको छैन ।'

सोही अस्पतालमा आमाको उपचारका लागि आएका पोखरा-१४ चाउथेका ट्याक्सी चालक राजकुमार खड्कीले पनि डायलाइसिस सेवा निःशुल्क हुँदा धेरै सहज भएको बताए । उनले भने, 'उपचार निःशुल्क हुँदा ठूलो राहत मिलेको छ, दिनभर ट्याक्सी चलाउँछु, कहिले दुई-चार हजार रूपैयाँ, कहिले पाँच-७रूपैयाँमा चित्त बुझाउनुपर्छ, यस्तो कमाईले परिवार पाल्न र आमाको उपचार गर्न मलाई गाह्रो भएको थियो, अहिले सहज भएको छ ।' खड्कीले २०७७ सालमा आमालाई मिर्गौलामा समस्या देखिएपछि विभिन्न अस्पतालमा उपचार गराउँदै आएको बताए ।

पोखरा-१३ बाँझापाटनका तारानाथ बराल अहिले डायलाइसिस उपचार गराइरहेका छन् । विगत पाँच वर्षदेखि मिर्गौलाको समस्या झेलिरहेका बरालले निःशुल्क डायलाइसिस सेवा जनताको हितका लागि सरकारको सकारात्मक कदम भएको प्रतिक्रिया दिए । 'आर्थिक अभावले डायलाइसिस गर्न नसक्नेका लागि यो वरदानजस्तै भएको छ, म सन्तुष्ट छु, म जस्तै अरु पनि लाभान्वित भएका छन्,' ७१ वर्षीय बरालले भने । विगत पाँच वर्षदेखि मिर्गौलाको समस्या खेपिरहेका बराल पोखराको पृथ्वीनारायण क्याम्पसबाट प्रोफेसरको अवकाश प्राप्त व्यक्ति छन् । बरालले पेन्सनकै भरमा काठमाडौंका विभिन्न अस्पतालमा डायलाइसिस गराउँदै आएका थिए । निकै महँगो उपचार पद्धतिले आजित भएका बराल निःशुल्क सेवाबाट लाभान्वित भएको बताउँछन् ।




नियमित उपचार गराइरहनुपर्ने र सर्वसाधरणको पहुँचभन्दा निकै महँगो उपचार मानिने मिर्गौला रोगलाई यो व्यवस्थाले वरदान सावित गरिदिएको गण्डकी प्रदेश सरकारका सचिव डा. विनोदविन्दु शर्मा बताउँछन् । 'यो निकै खर्चिलो र सर्वसाधारणको पहुँचबाहिरको उपचार पद्धति हो, सरकारले डायलाइसिसलाई निःशुल्क गरेसँगै यसका बिरामी लाभान्वित भएका छन्,' उनले भने । उनले गण्डकी प्रदेशको मनाङ र मुस्ताङबाहेकका जिल्लामा डायलाइसिस सुविधा रहेको बताए । गण्डकी प्रदेशमा हाल ४१ अस्पतालमा १६ डायलाइसिस युनिट सञ्चालनमा रहेका छन् । यी युनिटमार्फत एक हजार ८२ बिरामीले डायलाइसिस सेवा लिइरहेका छन् । तीमध्ये ७८४ जना सक्रिय बिरामी रहेका छन् भने १३६ जना सेवा पर्खिरहेका छन् ।

डायलाइसिस सेवाका लागि १७२ मेसिन उपलब्ध भए पनि १३७ मात्र सञ्चालनमा छन् । ३४ मेसिन बिग्रिएको अवस्थामा छन् भने एक मात्र 'ब्याकअप मेसिन' छ । यस्तै, १५२ सञ्चालनयोग्य शयचा रहेका छन् । दक्ष जनशक्तिका हिसाबले डायलाइसिस सेवामा आठ नेफ्रोलोजिस्ट, नौ एमडिजिपी (तीन तालिमप्राप्त), २६ मेडिकल अफिसर (सात तालिमप्राप्त), ११९ स्टाफ नर्स (८३ तालिमप्राप्त), १० बायोमेडिकल प्राविधिक (आठ तालिमप्राप्त) र ४० सहायक (२१ तालिमप्राप्त) कार्यरत छन् ।

शर्माका अनुसार एक जना बिरामीले प्रत्येक हप्ता दुईपटक डायलाइसिस गर्नुपर्छ । महिनामा आठदेखि केही बिरामीलाई १२ पटकसम्म गर्नुपर्ने हुन्छ । त्यसको महिनाको खर्च ८० हजार रूपैयाँसम्म पर्न जान्छ । गण्डकी प्रदेशमा संक्रामक तथा सरुवा रोग अस्पताललाई सरकारी तालिम केन्द्रका रूपमा विकसित गर्दै डायलाइसिससम्बन्धी तालिम प्रदान गर्ने आफ्नै केन्द्र स्थापना गर्ने रणनीति अघि बढाइएको र यसले प्रदेश स्वास्थ्य सेवा सुधारमा ठूलो टेवा पुग्ने विश्वास लिइएको उनको भनाइ छ ।

लेखनाथस्थित संक्रामक तथा सरुवा रोग अस्पतालका कार्यकारी निर्देशक डा. विकास गौचनले मिर्गौला बिरामी निःशुल्क उपचारबाट निकै लाभान्वित भएको बताए । 'यो महँगो उपचार पद्धति सरकारले निःशुल्क गरेदेखि बिरामीलाई राहत मिलेको छ,' उनले भने । उनका अनुसार उक्त अस्पतालमा हाल २४ डायलाइसिस मेसिन र १७ शयचा उपलब्ध छन् । एकैपटक १६ मेसिनले सेवा दिनसक्ने व्यवस्था छ भने बाँकी मेसिन 'ब्याकअप'का रूपमा राखिएका छन् । त्यसले सेवा निरन्तरता सुनिश्चित गर्न मद्दत गर्ने उनले बताए ।

उक्त अस्पतालमा दैनिक औसत ३१ जना बिरामीले डायलाइसिस सेवा लिइरहेका छन् । अस्पतालमा हाल ८६ जना बिरामी सूचीकृत छन् भने गत महिनामात्रै ६३० पटक डायलाइसिस सेवा प्रदान गरिएको डा. गौचनले जानकारी दिए । दक्ष जनशक्तिको अभावले सेवा विस्तारमा केही चुनौती खडा गरेको उनको भनाइ छ । उनले डायलाइसिस सेवामात्र नभई मिर्गौला रोगको रोकथाम तथा सचेतनामा पनि सक्रिय रहेको बताए । 'जीवनशैली सुधार, नियमित स्वास्थ्य परीक्षण र उचित परामर्शले मिर्गौलासम्बन्धी समस्याबाट बच्न सकिन्छ भन्ने सन्देश हामीले जनमानसमा पुऱ्याउँदै आएका छौं,' गौचनले भने । *रासस*

# सुख्खायाममा पनि रोकिएन तिङ्लामा पहिरो
## १०० भन्दा बढी घर जोखिममा



■ सुवास दर्नाल

**सोलुखुम्बु–** जिल्लाको सोलुदुधकुण्ड नगरपालिका-११ तिङ्लाको सारेलुकीचौर बस्ती अहिले पहिराको जोखिममा परेको छ । वर्षायाममा मात्र नभई सुख्खायाममा समेत पहिरो खस्न नरोकिएपछि गाउँ नै जोखिममा परेको हो । सोलुखोलाको माथिल्लो भागबाट सुरु भएको करिब ५०० मिटर लामो पहिरो बस्तीतर्फ सर्दै छ, जसले स्थानीयवासी त्रसित छन् । स्थानीय चित्रकुमारी कार्कीले जलविद्युत् आयोजना निर्माणका क्रममा निस्किएको माटो अनियन्त्रितरूपमा थुपारिँदा पहिरोको जोखिम थप बढेको बताए । यसले बस्ती र जग्गा दुवै जोखिममा पारेको उनले बताए ।

स्थानीय तेजबहादुर कार्कीले यस क्षेत्रमा ३० वर्षअघि पनि यहाँ पहिरो गएकामा उस्तै अवस्था दोहोरिन लागेको भन्दै फेरि स्थानीय त्रासमा रहेको बताए । 'वर्षायाममा त समस्या हुन्छ नै, यहाँ त सुख्खायाममा पनि पहिरो जाने गरेकाले समस्या भएको छ । यसको उचित व्यवस्थापन नभए बस्ती नै विस्थापित हुने जोखिम छ,' उनले भने । सोलुदुधकुण्ड नगरपालिका-११ का अध्यक्ष टंकबहादुर कार्कीले पहिरोका कारण १०० भन्दा बढी घर जोखिममा रहेको बताए । उनले भने, 'हिउँदको समयमासमेत पहिरो गइरहेकाले गाउँ नै जोखिममा छ, यो पहिरो यही गतिमा बढ्दै जाने हो भने एक डेढ सय घरपरिवार विस्थापित हुने अवस्था आउँछ । पहिरो विस्तार हुँदै गइरहेकाले यसको रोकथामका लागि तत्काल काम गर्न आवश्यक छ ।' वडाध्यक्ष कार्कीले पहिरोले स्थानीयको दैनिकी नै प्रभावित भइरहेको बताए ।

स्थानीय चित्रकुमारी बस्नेतले पहिरोका कारण सुख्खायाममा पनि ढुक्कले सुत्न नपाएको सुनाइन् । 'राति निद्रा नै लाग्दैन । जहिले पनि पहिरोले हाम्रो घर पुरेर लैजान्छ कि भन्ने डरले हामीलाई सताइरहन्छ । बाउबाजेदेखिको सम्पत्ति भनेको यही घरबारी थियो, यही अवस्था रहेमा यो केही बच्नेवाला छैन,' उनले दुःखेसो पोखिन् । करिब ३० वर्षअघि सामान्य रहेको पहिरो यही मंसिर १२ गतेपछि मात्रै करिब ५०० मिटर फैलिएको उनले सुनाइन् । स्थानीयका अनुसार पहिरोले नजिकै रहेको उतिसको जंगलसहित गोरेटो बाटोसमेत कटान गरिसकेको छ । त्यसभन्दा माथि रहेको खेतीयोग्य जमिन चिराचिरा भएको छ । पहिरो बस्ती नजिकको सडकछेउ पुगिसकेको छ ।

प्रमुख जिल्ला अधिकारी अनोजकुमार घिमिरेले पहिरो क्षेत्रको वस्तुस्थिति आँकलन गर्न जिल्ला सुरक्षा समितिको टोलीले पहिरोग्रस्त क्षेत्रको निरीक्षण गरेको बताए । उनले जलश्रोत तथा सिँचाइ सब डिभिजन कार्यालय र ओखलढुंगाको भू-जलधार संरक्षण कार्यालयका विज्ञसहतिको टोलीसमेतले पहिरोग्रस्त क्षेत्रको अध्ययन सुरु गरेको बताए । 'स्थानीय प्रशासन नागरिकको सुरक्षालाई प्राथमिकतामा राखेर आवश्यक सधैं सचेत छ । पहिरो रोकथाम र नागरिकको जिउधनको सुरक्षामा हामी हदैसम्म गम्भीर छौं, यसका लागि कुनै कसर बाँकी राख्ने छैनौं तर समग्र अवस्थाको आँकलन गरी पहिरो रोकथामका लागि विज्ञ टोलीले थप अध्ययन गर्न आवश्यक छ । यसका लागि तिनै तहका सरकारबीच समन्वय गरी अगाडि बढ्नुपर्छ,' प्रजिअ घिमिरेले भने । उनले हाल अध्ययनका लागि स्थलगत अवलोकन गरेका टोलीले प्रतिवेदन दिएपछि सोहीअनुसार आवश्यक काम गर्न जिल्ला प्रशासनले समन्वय गर्ने जानकारी दिए ।

स्थानीय नागरिक र सरोकारवाला पनि हालसम्म अध्ययनमा संलग्न टोलीले समस्या समाधानका लागि उपाय खोज्नेमा आशावादी छन् । सो टोलीको सिफारिसको आधारमा थप अध्ययन वा रोकथामका काम अगाडि बढ्ने अपेक्षा गरिएको वडाध्यक्ष कार्कीले बताए । 'पहिरो विस्तार हुने क्रम हेर्दा सानोतिनो प्रयासले नियन्त्रण समस्या छ । त्यसैले तिनै तहका सरकारले एकीकृत रूपमा समस्या समाधानका लागि पहल गर्न आवश्यक छ । हामीले पनि आफ्नो तर्फबाट सबैको ध्यानाकर्षण गराइहेकै छौं । समयमै समस्या समाधान नगरे ठूलो मानवीय र भौतिक क्षति हुनसक्छ । तिङ्लाबासी आफ्नो बस्तीको अस्तित्व जोगाउन राज्यको सक्रियता प्रतीक्षामा छौं,' उनले भने ।

सोलुखुम्बुका अन्य ग्रामीण क्षेत्रमा पनि पहिरोका जाने समस्या छ तर यहाँ भने सुख्खा मौसममा पनि पहिरो गइरहने भएकाले समस्या झन् जटिल बनेको हो । यसैले त्रासमा रहेका यहाँका स्थानीय आफ्नो थातथलोको संरक्षण र ज्युज्यान जोगाउन सरकारले तत्काल कदम चाल्नुपर्ने बताउँछन् । *रासस*

# गण्डकीका चार अस्पतालको स्तरवृद्धि गरिँदै

**गण्डकी (प्रस)–** स्थानीय तहअन्तर्गत रहेको गोरखाको आँपपिपल अस्पताल र बागलुङको बुर्तिबाङ अस्पताल गण्डकी प्रदेश सरकार मातहत आएको छ । दुवै अस्पताललाई ५० शयचामा स्तरवृद्धि गरी नयाँ व्यवस्थापनका साथ सञ्चालन गर्न लागिएको प्रदेशको स्वास्थ्य मन्त्रालयले जनाएको छ ।

गत सोमबार बसेको मन्त्रिपरिषद् बैठकले दुवै अस्पतालको नाम संशोधन गरेको मन्त्रालयका सचिव डा. विनोदविन्दु शर्माले जानकारी दिए । यसअघि ढोरपाटन नगरपालिकामा रहेको बुर्तिबाङ अस्पताल प्राथमिक स्वास्थ्य केन्द्रका रूपमा सञ्चालित थियो । आँपपिपल अस्पताल गोरखाको पालुङटार नगरपालिकाअन्तर्गत रहँदै आएको थियो ।

त्यस्तै कास्कीस्थित गण्डकी आयुर्वेद अस्पताल र बागलुङको धवलागिरि आयुर्वेद अस्पताललाई पनि अन्तरंग सेवासहित २५ शयचाको सुविधायुक्त आयुर्वेद अस्पतालका रूपमा स्तरवृद्धि गर्न लागिएको मन्त्रालय सचिव डा. शर्माले जानकारी दिए । 'चारवटै अस्पतालका कर्मचारीको संगठन तथा व्यवस्थापन (ओएनएम)को काम यसै साताभित्र टुंगिन्छ,' उनले भने, 'गुणस्तरीय व्यवस्थापन र स्तरीय सेवासहित यी अस्पताल सञ्चालन हुने छन्, आगामी पुसभित्र उद्घाटनको तयारी भइरहेको छ ।'

स्थानीय तहले बुर्तिबाङ र आँपपिपल अस्पताललाई प्रदेश सरकारले जिम्मा लिइदिन आग्रह गरेपछि प्रदेश सरकारले आफू मातहत सञ्चालनको प्रक्रिया सुरु गरेको हो । प्रदेश मन्त्रिपरिषद्को प्रस्तावलाई संघीय मन्त्रिपरिषद्ले स्वीकृत गरेपछि ती दुई अस्पताल प्रदेश सरकारअन्तर्गत आएका हुन् । प्रदेश सरकारका स्वास्थ्यमन्त्री कृष्णप्रसाद पाठकले गत कात्तिक १२ गते बसेको मन्त्रिपरिषद् बैठकले चालु आवभित्र गण्डकी र धवलागिरि आयुर्वेद अस्पतालमा अन्तरंग सेवा विस्तार गर्ने निर्णय गरेको जानकारी दिए । 'एक करोड २५ लाख रूपैयाँको बजेट सुनिश्चित भइसकेको छ, सेवा विस्तारको काम तत्काल सुरु हुन्छ,' उनले भने, 'आगामी आवको बजेटमा पनि आयुर्वेद अस्पतालका लागि प्राथमिकताका साथ बजेट विनियोजन गर्छौं ।' मन्त्री पाठकका अनुसार गण्डकी प्रदेशभित्र रहेका आयुर्वेद अस्पतालमा पहिलोपटक अन्तरंग सेवा सुरु गर्न लागिएको हो ।

प्रदेश सरकारले होमियोपेथिक, आयुर्वेद र प्राकृतिक चिकित्सा गरी तीनै क्षेत्रलाई महत्त्वका साथ अगाडि बढाइरहेको स्वास्थ्यमन्त्री पाठकले बताए । कास्की र बागलुङको आयुर्वेद अस्पतालमा भवनलगायत भौतिक पूर्वाधार थप गर्न स्रोत व्यवस्थापनको काम भइरहेको उनले उल्लेख गरे । 'आयुर्वेद अस्पताल स्रोतसाधनको अभावमा गुज्रिरहेका थिए, सरोकार भएका निकायको पनि यसअघि खासै ध्यान पुग्न सकिरहेको थिएन,' मन्त्री पाठकले भने, 'व्यवस्थित पूर्वाधार, स्रोतसाधनको प्रबन्ध गर्दै गुणस्तीय स्वास्थ्य सेवा दिने थलोका रूपमा आयुर्वेद अस्पताललाई विकास गर्दै लैजाने योजनामा मन्त्रालय छ ।'


**श्री रिपुर्मदिनी सैनिक महाविद्यालय, बांसबारी, काठमाडौं**

**विभिन्न फर्निचर कार्यको आपूर्ति सम्बन्धि शिलबन्दी दरभाउपत्र आव्हानको सूचना**

(ठेक्का सूचना नं.NAWF/SAMV/GOODS/BASBARI/2081/82/32)
(प्रथम पटक प्रकाशित मिति २०८१/०८/२१ गते)

१. चालु आ.व. २०८१/८२ मा यस महाविद्यालयमा विभिन्न फर्निचर सामान खरिद कार्य सम्पन्न गर्न e-Gp System को माध्यमबाट दरभाउपत्र आव्हान गरिएको हुँदा नेपाल सरकारबाट सम्बन्धित कामको लागि ईजाजत प्राप्त इच्छुक फर्महरूले सार्वजनिक खरिद अनुगमन कार्यालयको वेभसाईट http//www.bolpatra.gov.np/egp हेर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

| सि. नं. | कामको बिवरण | दरभाउपत्र जमानत अंक ने.रु. | मान्य हुने अवधी | दस्तुर ने.रु. | लागत अनुमान (मु.अ.कर बाहेक) ने.रु. | दरभाउपत्र दर्ता गर्ने अन्तिम मिति र समय | दरभाउपत्र खोलुवा गर्ने मिति र समय | कै. |
|---|---|---|---|---|---|---|---|---|
| १ | फर्निचर कार्यको आपूर्ति | २४,०००।०० | ७५ दिन | १,०००।०० | ८,७०,५००।०० | २०८१।०८।२१ गते १२:०० बजेसम्म | २०८१।०९।०७ गते १३:०० बजे | |

२. साथै, उक्त कार्यहरू सम्बन्धी थप जानकारीको लागि यस महाविद्यालयको फोन नं. ०१-४३७४३३५ मा सम्पर्क गर्न सकिनेछ ।

**अजिरकोट गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**भच्चेक, गोरखा गण्डकी प्रदेश नेपाल**

**बोलपत्र स्वीकृति गर्ने आशयको सूचना**

(प्रकाशित मिति : २०८१/०८/२१ गते)

यस कार्यलयबाट मिति २०८१/०७/०९ विद्युतीय खरिद प्रणाली (https.//bolpatra.gov.np/egp) मा प्रकाशित खरिद नं. ARM/NCB/GOODS/05/2081/82 (Procurement of supply and delivery of Free medicines and medicinal accessories for Ajirkot Rural Municipality) को सूचना अनुसार रितपूर्वक दर्ता हुन आएका शिलबन्दी दरभाउपत्रहरू मध्येबाट न्यूनतम मूल्यांकित सारभूत रूपमा प्रभावकारी तपशिलमा उल्लेखित बोलपत्रदाताको बोलपत्र स्वीकृत गर्ने आशयले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ र दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल :

| क्र.सं. | ठेक्का नं. | कामको विवरण | बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (मु.अ.क. सहित) | कैफियत |
|---|---|---|---|---|---|
| १. | ARM/NCB/GOODS/05/2081/082 | Procurement of supply and delivery of Free medicines and medicinal accessories for Ajirkot Rural Municipality | Devdatta Medico Pharma Kageshwori Manohara-7 Gothatar, Kathmandu | रु १४,१५,००६.७०/- (अक्षरूपी चौध लाख पन्ध्र हजार छ रूपैया सत्तरी पैसा मात्र) | |

नि. प्रमुख प्रशासकीय अधिकृत

**बहराइनमा रोजगार** कम्पनी : DRIVE AUTO SERVICE

पूर्व स्वीकृति मिति : २०८१/०८/१९ | LT. No. 314944 | चलानी नं.६०२२९२६२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब BD | ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | car cleaning labour | 10 | 0 | 120 | ४३,१३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | General Worker/P.O. | 15 | 0 | 120 | ४३,१३५ | | | | | | | |

कम्पनी : BAB AL BAHRAIN RESTAURANT WLL

पूर्व स्वीकृति मिति : २०८१/०८/२० | LT. No. 314943 | चलानी नं.६०२२९२८२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब BD | ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Dining Hall Waiters | 9 | 0 | 150 | ५३,९१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Kitchen Helper | 3 | 0 | 130 | ४६,७३० | | | | | | | |
| 3 | Mess Cook | 3 | 0 | 170 | ६१,१०५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ मंसिर २८ गते (13th Dec. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Paradeshi Overseas Services Pvt. Ltd.**
Kathmandu Metropolitan-7, Mitrapark Umakunda Marga, Nepal, Tel: +01-5914513
Email: info@paradeshioverseas.com.np & paradeshiservices@gmail.com, Website: www.paradeshioverseas.com.np
Govt. License 387/059/060

**साउदीमा रोजगार** कम्पनी : Inshaat Al-tuwaya For Genenral Contracting Company

पूर्व स्वीकृति मिति : २०८१/०८/१९ | LT. No. 314965 | चलानी नं.६०२२९२६३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब SR | ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loader & Unloader | 13 | 0 | 1000 | ३६,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Packing Worker | 1 | 0 | 1000 | ३६,००० | | | | | | | |

कम्पनी : Innovation Resources Arabia Cont. Co. Ltd.

पूर्व स्वीकृति मिति : २०८१/०८/२० | LT. No. 314964 | चलानी नं.६०२२९२८०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब SR | ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Bus Drivers | 2 | 0 | 1800 | ६४,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Construction Worker | 8 | 0 | 1000 | ३६,००० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ मंसिर २८ गते (13th Dec. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


**Reliance Recruitment Services Pvt. Ltd.**
Maharajgunj, Chakrapath, Kathmandu,Nepal. Tel: +977-1-4419528 / 4419763,
Email:mofa@relianceservice.com.np, Website: www.relianceservice.com.np
श्रम इजाजत नं. ९७१/०६७/०६८

**साउदीमा रोजगार** कम्पनी : Ibrahim Bin Saud Bin Muhammad Faqihi Farm

पूर्व स्वीकृति मिति : २०८१/०८/२० | LT. No. 314968 | चलानी नं.६०२२९२९३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब SR | ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Farm Worker (Indoor) | 2 | 0 | 1000 | ३६,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Suleiman Bin Faleh Bin Aqil Al Anazi Paper Products Factory

पूर्व स्वीकृति मिति : २०८१/०८/२० | LT. No. 314969 | चलानी नं.६०२२९२९२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब SR | ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | LOAD & UNLOAD LABOUR | 5 | 0 | 1200 | ४२,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय ललितपुरमा मिति: २०८१ मंसिर २८ गते (13th Dec. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


**JERRY MANAGEMENT SYSTEM Pvt. Ltd.**
Dhobhighat-4, Lalitpur. Tel: +977-1-5153487, Fax: 01-5524634
Web : www.jerryms.com, Email: jerryms03@gmail.com
Govt. License 1031/068/69

**गायिका लक्ष्मीले ल्याइन् 'हे गोरी'**

गायिका एवं कम्पोजर लक्ष्मी हमालले फिल्मी गीत 'हे गोरी' सार्वजनिक गरेकी छन् । केही समयअघि सोलो गीत 'राख तिम्रो मुटुभित्र' ल्याएकी उनले अहिले मौलिक शैलीको फिल्मी गीत 'हे गोरी' ल्याएकी हुन् । विराटनगरलगायत पूर्वी तराईका विविभिन्न ठाउँमा सुटिङ गरिएको म्युजिक भिडियोमा सुधिर श्रेष्ठ र मल्लिका राजोपाध्याय मुख्य फिचर्ड छन् भने विरोल एवं द्वन्द्वात्मक पार्टमा सुगत कारन्जित र जतिन ताम्राकार देखिएका छन् । म्युजिक भिडियोमा प्रसान्त तामाङको निर्देशन तथा कोरियोग्राफी र सांग्रीला क्रियशनको पोष्ट प्रोडक्सन रहेको छ । सहभागिता थियो ।




## नारायण गोपाल ३४ औं स्मृति दिवस

# वरिष्ठ लोकगायक कुमार बस्नेतसहित तीन श्रष्टा सम्मानित

■ प्रभाव संवाददाता

**काठमाडौं–** स्वरसम्राट नारायण गोपालको ३४ औं स्मृति दिवसका अवसरमा तीन श्रष्टालाई सम्मान गरिएको छ । नारायण गोपाल संगीत कोषले बुधबार साँझ एक कार्यक्रम आयोजना गरी 'नारायण गोपाल स्मृति सम्मान २०८१' मार्फत संगीततर्फ संगीतकार बुलु मुकारुङ, गायनतर्फ कुमार बस्नेत र गीत रचनातर्फ शिवशंकर थापालाई सम्मान गरिएको हो ।

स्वरसम्राट नारायण गोपालसँग सामिप्यता रहेका र संगीतमा विशेष योगदान दिएका श्रष्टालाई योगदानको कदरस्वरूप जनही रु ५१ हजार र ताम्रपत्रबाट सम्मान प्रदान गरिएको कोषका अध्यक्ष दीपक केसीले जानकारी दिए । 'स्वरसम्राट नारायण गोपालको विषयमा हामीले जति चर्चा गरेपनि पुग्दैन', उनले भने, 'अहिलेको पुस्ताले पनि उहाँको गीत मन पराउनाले उहाँको गीतसंगीत कति बुलन्द रहेछ भन्ने प्रस्ट्याउँछ । उहाँले नेपालीलाई कालजयी गीत दिनुभएको छ ।'

अध्यक्ष केसीले बुधबार देशभर उनको सम्झनामा विभिन्न कार्यक्रम पनि भएका जानकारी दिए । उनले धुम्वाराहीमा नारायणगोपाल संगीत कोषले आफ्नो भवन निर्माण गरिरहेको पनि बताए । सम्मानित भएका



संगीतकार मुकारुङले नारायण गोपाल जस्तो व्यक्तिको नामसँग जोडिएको सम्मान पाउनु आफ्नो लागि विशेष महत्व रहेको बताए ।

उनले भने, 'नारायण गोपाल संगीतको विश्वविद्यालय हुनुहुन्छ । विगत ६ दशकदेखि समकालीन सुरकर्मीसम्म उहाँको गीत पहिलो रोजाइमा पर्नुले उहाँको क्षमतालाई प्रस्ट्याउँछ । यस्ता धेरै कारणले उहाँ स्वरसम्राट हुनुभएको हो । यो सम्मान मेरो लागि अस्कर अवार्ड भन्दा ठूलो छ । उहाँको गीत प्रत्यक्ष सुन्न पाउनु, सामीप्यता राख्न पाउनु मेरा लागि गौरवको विषय हो ।'

'सम्झनामा नारायण गोपाल' अन्तर्गत श्रष्टाहरूले उनलाई गीतमार्फत सम्झिनुभएको छ । गायक दिव्यकुमार सिटौलाले 'मलाई छोडी मेरै छायाँ...', गायक साजन लामाले 'यति चोखो यति मिठो...', गायक राजेन्द्र श्रेष्ठले 'गल्ती हजार हुन्छन....', गायक महेन्द्र गुरुङ र रोजी श्रेष्ठले 'ए कान्छा ठट्टैमा यो जोवन....', गायक सम्भव जंगम थापा र संगीत तिमिल्सिनाले 'मेरो जोवन लौजाउ....', गायक रामकृष्ण ढकालले 'तिमीलाई भुल्दा....', गायक छिरिङ भुटियाले 'मन्दिरमा छकी मूर्तिमा माया....' लगायत गीत प्रस्तुत गर्दै स्वरसम्राट नारायण गोपालको स्मरण गरेका थिए ।

विसं १९९६ असोज १८ गते जन्मिएका स्वरसम्राट नारायण गोपालको विसं २०४७ मङ्सिर १९ गते निधन भएको थियो । प्रत्येक वर्षा मङ्सिर १९ गते उनी र गीतसंगीतलाई स्मरण गर्दै स्मृति दिवसलाई मनाउने गरिन्छ ।

# सुपर हिरोको कथामा फिल्म बनाउँदै निखिल



■ प्रभाव संवाददाता

**काठमाडौं–** फिल्म क्षेत्रमा यतिबेला कमब्याकको लहर चलिरहेको छ । राजेश हमाल, विराज भट्ट, राजबल्लभ कोइराला जस्ता कलाकारले कमब्याक गरिसकेका छन् ।

यस्तैमा अभिनेता निखिल उप्रेती पनि करिब ५ वर्षपछि फिल्ममा फर्किने तयारीमा जुटेका छन् । उनले अर्को वर्षको सुरुवातबाटै नयाँ फिल्म निर्देशन थाल्ने भएका छन् । रातोपाटीसँग कुराकानी गर्दै निखिलले आफू नयाँ फिल्मको प्रोडक्सनमा लागेको बताए । आफ्नो निर्माण रहने फिल्म सुपर हिरोको कथामा हुने उनले जानकारी दिए ।

'फिल्म द्वन्द्वप्रधान, सुपर हिरोको कथामा हुनेछ', निखिलले भने 'मेरो फिल्मले युवापुस्तालाई धेरै कुरा सिकाउनेछ ।' फिल्मका लागि निखिल अहिले प्याराग्लाइडिङ समेत प्राक्टिक्स गरिरहेका छन् ।

निखिलले केही अगाडि अर्को एक फिल्म सामाजिक पारिवारिक विषयमा निर्माण तयारी गरेका थिए । जसको तीन गीत समेत रेकर्ड भएको थियो । 'अहिलेको बच्चाबच्चीले गरिरहेको क्रियाकलाप सबैभन्दा ठुलो इन्सिडेन्ट, जो देशले याद गर्न सकिरहेको छैन । त्यो मेरो फिल्मले देखाउँछ' उनले भनेको थिए । अहिले भने उनी सुपर हिरोको कथामा फिल्म बनाउने तयारीमा छन् ।

एक समय एक्सनमा राम्रो जमेका अभिनेता निखिल पछिल्लो समय अभिनय भन्दा 'आध्यात्मिक गुरु' को रूपमा चर्चित छन् ।



## एनपिएल क्रिकेट

# जनकपुरको लगातार तेस्रो जित

## आज कर्णाली र चितवन अनि लुम्बिनी र पोखरा भिड्दै

■ प्रभाव संवाददाता

**काठमाडौं–** राजधानीमा जारी नेपाल प्रिमियर लिग (एनपिएल)मा जनकपुर बोल्ट्सले लगातार तेस्रो खेलमा जित हात पारेको छ भने सुदूरपश्चिम रोयल्सले दोस्रो जित हात पारेको छ । त्रिवि क्रिकेट मैदान कीर्तिपुरमा बिहीबार भएको पहिलो खेलमा जनकपुर बोल्ट्सले पोखरा एभेञ्जर्सलाई ७ विकेटले पराजित गर्दै लगातार तेस्रो जित हात पारेको हो । त्यस्तै दोस्रो खेलमा सुदूरपश्चिम रोयल्सले काठमाडौं गुर्खाजलाईलाई ७३ रनले हराउँदै प्रतियोगितामा बलियो दाबेदारी प्रस्तुत गरेको छ ।

सुदूरपश्चिम रोयल्सले जितका लागि दिएको एक सय ६८ रनको लक्ष्य पछ्याउने क्रममा काठमाडौं गुर्खाज १५ दशमलव पाँच ओभरमा ९४ रन बनाउँदै अलआउट भयो । काठमाडौंका लागि स्टिफन एस्किनाजीले सर्वाधिक ३७ रन बनाए । उनले ३३ बलमा एक छक्का र पाँच चौकाको मद्दतले ३७ रन बनाएका हुन् । सुमित महर्जनले १४, भीम सार्की र गेरहार्ड इरासमसले समान १०/१० र प्रतिक श्रेष्ठले आठ रन बनाए ।

काठमाडौंका लागि माइकल लेविटले पाँच, शङ्कर राणाले तीन, रासिद खानले दुई रन बनाउँदा कप्तान करण केसी, नाथन सोटर र शाहब आलमले समान एक/एक रन जोडे । यो खेलमा काठमाडौंले अतिरिक्त दुई रन पायो ।

सुदूरपश्चिम रोयल्सका लागि नरन साउदले सर्वाधिक पाँच विकेट लिए । अभिनास बोहोराले दुई विकेट हात पार्दा ब्रान्डन म्याकमुलेन र सैफ जैबले समान एक/एक विकेट लिए । योसँगै सुदूरपश्चिम रोयल्सको यो दोस्रो जित हो । सुदूरपश्चिमले यसअघि विराटनगर किङ्गसलाई ९० रनले पराजित



गरेको थियो ।

त्यसअघि टस हारेर पहिले ब्याटिङको निम्तो पाएको सुदूरपश्चिमले निर्धारित २० ओभरमा छ विकेट गुमाएर एक सय ६७ रन बनाएको थियो । सुदूरपश्चिमका लागि ब्रान्डन म्याकमुलेनको अर्धशतक प्रहार गरे । उनले ३६ बलमा चार छक्का र तीन चौकाको मद्दतले सर्वाधिक ५४ रन बनाए । कप्तान दीपेन्द्रसिंह ऐरीले २५ बलमा दुई छक्का र तीन चौका प्रहार गर्दै ४२ रन जोडेका छन् ।

यस्तै, विनोद भण्डारीले ३५, सैफ जैबले ११, रोहन मुस्तफाले चार र आरिफ सेखले तीन रन बनाए । खेलमा अविजित रहँदै स्कट कुग्गेलिजनले सात र इशान पाण्डेले एक रनको योगदान दिए । यो खेलमा सुदूरपश्चिमले अतिरिक्त दश रन पायो ।

काठमाडौंका लागि रासिद खानले सर्वाधिक दुई विकेट लिए । गेरहार्ड इरासमस, शाहब आलम र कप्तान करण केसीले एक/एक विकेट लिएका थिए । एनपिएलमा काठमाडौं गुर्खाजको यो दोस्रो हार हो । तीन खेल खेलेको काठमाडौंले यसअघि एक खेलमा विजयी भएको थियो ।

### जनकपुर बोल्ट्सको तेस्रो जित

नेपाल प्रिमियर लिग (एनपिएल) मा जनकपुर बोल्ट्सले लगातार तेस्रो जित निकालेको छ । कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालय क्रिकेट मैदानमा पोखरा एभेन्जर्सलाई सात विकेटले पराजित गर्दै जनकपुरले तेस्रो जित निकालेको हो । पोखरा एभेञ्जर्सले जितका लागि दिएको एक सय ३९ रनको लक्ष्य जनकपुरले १७ दशमलव एक ओभरमा तीन विकेट गुमाउँदै पूरा गरेको हो । जनकपुरले यसअघि विराटनगर किङ्ग्स र कर्णाली याक्सलाई पराजित गरेको थियो ।

जनकपुरको जितमा लाहिरू मिलन्थाले सर्वाधिक ४५ रन बनाए । यस्तै, आशिफ सेखले ३२, अनिल शाहले एक रन बनाउँदा अविजित रहँदै जम्स निशमले ४० र हर्ष ठाकरले १३ रन जोडे ।

बलिङतर्फ पोखराका कप्तान कुशल भुर्तेल, माइकल लिस्क र विपीन खत्रीले समान एक/एक विकेट लिए । टस हारेर पहिले ब्याटिङको निम्तो पाएको पोखराले निर्धारित २० ओभरमा सात विकेट गुमाउँदै एक सय ३८ रन बनाएको थियो । पोखराका लागि मार्कस क्रिचले सर्वाधिक ३५ रन बनाए । माइकल लिस्कले २५, एन्ड्रिज गौसले २०, रेमन रेफरले १७ र दिलीप नाथले ११ रनको योगदान दिए । साथै दिनेश खरेलले १०, कप्तान कुशल भुर्तेलले छ रन जोडे भने अविजित रहँदै नारायण जोशीले पाँच र विपिन खत्रीले एक रन बनाए । जनकपुरका लागि ललित राजवंशीले सर्वाधिक तीन विकेट लिए । त्यस्तै, जेम्स निशमले दुई, मोहम्मद मोहसिन र किशोर महतोले समान एक/एक विकेट लिए ।

जारी एनपिएलमा पोखरा एभेन्जर्सको यो दोस्रो हार हो । यसअघि पोखरालाई चितवनले ८७ रनको फराकिलो अन्तरले हराएको थियो ।

शुक्रबार एनपिएलका दुई खेल हुँदैछन् । बिहान ९:१५ बजे कर्णाली याक्स र चितवन राइनोज् भिड्दैछन् । यी दुई टिमले अहिलेसम्म दुई-दुई खेल खेलेका छन् । त्यसमा कर्णालीले दुवै खेलमा हार ब्यहोरेको छ भने चितवनले दुवै खेलमा जित हात पारेको छ । कर्णाली टिम सोमपाल कामीको कप्तानीमा मैदानमा उत्रँदैछ भने चितवन कुशल मल्लको कप्तानीमा मैदानमा उत्रँदैछ ।

त्यस्तै दोस्रो खेलमा लुम्बिनी लायन्स र पोखरा एभेन्जर्सबीच हुँदैछ । लुम्बिनी र पोखराले कुनै खेल जितेका छैनन् । खेल दिउँसो १:१५ बजे हुने जनाइएको छ ।

# खेलाडीको विषयमा चलचित्र बन्नु गौरवको विषय: चेम्जोङ

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाली पुरुष राष्ट्रिय फुटबल समूहका कप्तान किरण चेम्जोङले खेलाडीको विषयमा चलचित्र निर्माण हुनु गौरवको विषय भएको बताएका छन् ।

सन् २०२४-२५ का लागि युरोपियन राष्ट्र ग्रिसको महिला ए डिभिजन लिग क्लबमा छनोट भएकी नेपाली राष्ट्रिय महिला फुटबल समूहकी कप्तान तथा गोलकिपर अञ्जिला तुम्बापो सुब्बाको जिवनीमा आधारित चलचित्र 'अञ्जिला' सार्वजनिक हुनुअघि कप्तान चेम्जोङले सो करा बताएका हुन् ।

चलचित्र 'अञ्जिला' निर्माण समूहले यहाँ आयोजना गरको एक कार्यक्रममा कप्तान चेम्जोङले भने, 'मैले अञ्जिला बहिनीको मेहनतलाई नजिकबाट नियालेको छु, उहाँको कथामा यसरी चलचित्र बन्दा निकै खुसी छु । हामी खेलाडीको कथामा आधारित भई नेपाली चलचित्र कमै बन्ने गरेको छ, आउँदा दिनमा यो बढ्ने छ भन्नेमा विश्वस्त छु । अञ्जिला बहिनीको कथाले हाम्रा धेरै चेलीलाई 'इन्स्पाएर' गरेर आफ्नो गन्तव्यमा अगाडि बढ्न मद्दत गर्छ भन्नेमा पनि विश्वत छु । नेपाली चलचित्रको बजार जसरी बढिरहेको छ, अब कथामा पनि विविधता आउनु जरुरी छ, निर्देशकलाई धन्यवाद भन्न चाहन्छु ।'

आफूले कहिल्यै नसोचेको कुरा आफ्नै जिवनीमा चलचित्र बन्ने र आफैंले अभिनय गर्न पाउँदा छुट्टै अनुभव सङ्गालेको बताउँदै महिला कप्तान सुब्बाले भने, 'अहिले नेपाली फुटबलमा महिलाका लागि पनि राम्रो समय सुरु भएको छ । हामीले पछिल्लो समय हासिल गरेको उपलब्धिले हाम्रो मेहनतलाई सबैसामु ल्याएको छ । सबैको सहयोगले युरोपमा पहिलोपटक खेल्ने मौका पाएकी छु । यसबाट अन्य साथीहरूसमेत लाभान्वित हुनुहुनेछ भन्ने विश्वास छ ।'

फुटबल खेलाडी एवं कप्तान सुब्बाको घर निर्माण गर्ने उद्देश्यका साथ निःशुल्क रूपमा चलचित्र निर्देशन गरेको जानकारी दिँदै 'अञ्जिला' चलचित्रका निर्देशक मिलन चाम्सलले यही मङ्सिर २३ गते हङकङबाट विशेष प्रदर्शनी (प्रिमियर शो) हुने र त्यसपछि मात्र उक्त चलचित्र नेपालमा प्रदर्शनी हुने बताए ।

'अञ्जिला' चलचित्रमा कप्तान सुब्बासँगै सुनिल थापा, दयाहाङ राई, विजय बराल, सिर्जना सुब्बा, माओत्से गुरुङ, मञ्जु श्रेष्ठ, बुद्धि तामाङलगायत कलाकारले अभिनय गरेका छन् । सुदीप बरालले छायाङ्कन, मिलन श्रेष्ठले सम्पादन गरेको 'अञ्जिला' चलचित्रको कथा प्रदीप भारद्वाजले लेखेको निर्देशक चाम्सले जानकारी दिए ।


## समिट एयर लि.को

### वार्षिक साधारण सभासम्बन्धी सूचना

**(दोस्रोपटक प्रकाशित मिति : २०८१ मंसिर २१ गते, शुक्रबार)**

यस कम्पनीले मिति २०८१ साल आश्विन महिना २३ गते राष्ट्रिय दैनिक 'नयाँ पत्रिका'मा मिति २०८१ साल कार्तिक महिना २३ गते वार्षिक साधारण सभाको सूचना प्रकाशित गरेकोमा कारणवश तोकिएको मितिमा साधारण सभा आयोजना गर्न नसकिएको हुँदा यस कम्पनीको मिति २०८१/०८/१७ गते बसेको सञ्चालक समितिको बैंठकको निर्णय तथा कम्पनीको स्वीकृत नियमावलीको नियम १८ (३) बमोजिम २१ दिन अगावै शेयरधनीहरूलाई वार्षिक साधारण सभाको सूचना दिनुपर्ने व्यवस्था बमोजिम यस कम्पनीको आ.व. २०८०/०८१ को वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा बस्ने तथा उक्त सभामा निम्न बमोजिमका प्रस्तावहरू छलफलको लागि प्रस्तुत हुने व्यहोरा सम्पूर्ण शेयरधनीहरूलाई पुनः सूचित गरिन्छ ।

**सभा हुने मिति, समय र स्थान**

**मिति :-** २०८१ साल पुस १४ गते आइतबार (तदानुसार डिसेम्बर २९, २०२४)

**स्थान :-** कम्पनीको रजिष्ट्रर्ड कार्यालय, का.जि.का.म.न.पा.वडा नं.९

**समय :-** १४:०० बजे ।



पाकिस्तानको लाहोरमा उच्च वायु प्रदूषणका कारण उडेको बाक्लो धुवाँका बीच सडकमा गुडिरहेका सवारीसाधन । *तस्बिरः एएफपी*

# श्रीलंकाले आइएमएफसँग नयाँ कर्जा सम्झौता गर्ने



**कोलम्बो–** आर्थिकरूपमा संकटग्रस्त श्रीलंकाले अन्तर ाष्ट्रिय मुद्रा कोष (आइएमएफ)ले निर्धारण गरेको कडा राजस्व लक्ष्यलाई पालना गर्दै सन् २०२५ को बजेट आउनुभन्दा एक महिनाअघि नै वैदेशिक ऋणको पुनर्संरचना सम्पन्न गर्ने प्रतिबद्धता व्यक्त गरेको छ ।

खाद्य र इन्धनजस्ता अति आवश्यक आयातका लागिसमेत विदेशी मुद्राको अभाव भएपछि सन् २०२२ को अप्रिलमा ४६ अर्ब अमेरिकी डलरको बाह्य ऋण तिर्न नसकेपछि श्रीलंकाले सामानहरूको चरम अभावको सामनासमेत गर्नुपरेको थियो । अभावले जनता आक्रोशित हुँदा तत्कालीन सत्ताले जनतासमक्ष घुडा टेक्नुपरेको थियो । चरम आभाव र महँगीको सामना गरिरहेका जनता सडकमा ओर्लिएपछि तत्कालीन राष्ट्रपति गोतबाय राजपाक्षले राजिनामा दिनुपरेको थियो ।

आइएमएफको उद्धार प्याकेज प्राप्त गरेपछि र सरकारको बर्बाद वित्तलाई सुधार गर्ने उद्देश्यले राजपाक्षेका उत्तराधिकारी बनेका रनिल विक्रमासिंघेले मितव्ययिताका नियमहरू लागू गरेपछि देशको अर्थव्यवस्थामा सुधार आएको छ । आर्थिक विकास उपमन्त्री अनिल जयन्था फर्नान्डोले ऋण पुनर्संरचनामा दुई वर्षभन्दा बढी ढिलाइ भएको र यसबाट मुलुकलाई थप एक अर्ब ७० करोड अमेरिकी डलर सञ्चित ब्याज खर्च हुने बताएका छन् । फर्नान्डोले भने, 'हामी डिसेम्बर ३१ सम्ममा द्विपक्षीय ऋण र अन्तर्राष्ट्रिय सार्वभौम ऋणपत्रको पुनर्संरचना पूरा गर्ने आशा गरिरहेका छौं ।'

वामपन्थी राष्ट्रपति अनुरा कुमारा दिसानायकेले गत सेप्टेम्बरमा संसद्मा आफ्नो सरकारले आगामी वर्षको राजस्व र खर्चसम्बन्धी पहिलो प्रस्ताव आगामी फेब्रुअरीमा प्रस्तुत गर्ने बताएका थिए । गत महिना दिसानायकेले आइएमएफको चार वर्षे बेलआउट ऋण कायम राख्नका लागि एक प्रमुख सर्त १२.५५ अर्ब डलरको अन्तर्राष्ट्रिय सार्वभौम ऋणपत्रको पुनर्संरचना गर्न आफ्नो पूर्ववर्तीले सुरक्षित गरेको सम्झौताको सम्मान गर्ने बताएका थिए । ऋण पुनर्संरचना प्रक्रिया पूरा गर्न र श्रीलंकालाई नयाँ ऋण उठाउन अन्तर्राष्ट्रिय वित्तीय बजारमा फर्कन अनुमति दिने सम्झौतामा हस्ताक्षर हुन बाँकी छ ।

दक्षिण एसियाली मुलुकका अधिकांश निजी ऋणदाताले गत सेप्टेम्बरमा आफ्नो ऋणमा २७ प्रतिशत कटौती गर्न सहमति जनाएका थिए । दिसानायकेको नेसनल पिपुल्स पावर (एनपिपी) गठबन्धनले यसअघि पुनर्संरचना सम्झौतालाई गरिब राष्ट्रमाथि अन्यायपूर्ण भन्दै आलोचना गरेको थियो र सत्तामा आएपछि मात्र पुनःवार्ता गर्ने प्रतिबद्धता जनाएको हो ।

गत महिना भएको मध्यावधि संसदीय चुनावमा जित हासिल गरेयता उनले आर्थिक पुनरुत्थान निकै कमजोर भएको भन्दै आफ्नो निर्णयलाई परिवर्तन गरेका छन् । सेप्टेम्बरमा सहमति भएको र नयाँ प्रशासनले अनुमोदन गरेको सम्झौताको एक भागको रूपमा, ऋणदाताहरूले बक्यौता ब्याज भुक्तानीमा ११ प्रतिशत कटौती गर्ने छन् । श्रीलंकाले सन् २०२३ मा कर दोब्बर बनाउने, ऊर्जा अनुदान फिर्ता लिने र राज्यको राजस्व बढाउन अत्यावश्यक वस्तुको मूल्यवृद्धि गरेर अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएमएफ)को बेलआउट प्राप्त गरेको थियो । *रासस/एएफपी*

# 'ओपेक प्लस'ले तेल आपूर्ति कटौती गर्नसक्ने अनुमान

**भियना–** ओपेक तेल कार्टेल र यसका सहयोगीहरूले बिहीबार कच्चा तेलको विश्वव्यापी बजारमा मूल्यमा तीव्र गिरावट नआओस् भनेर आपूर्ति कटौतीको अवधि बढाउने अपेक्षा गरिएको छ । आइतबारका लागि तय गरिएको बैठकमा सदस्यहको उपस्थितिमा देखिएको ढिलाइले मूल्यवृद्धिको कटौतीलाई निरन्तरता दिन सकिनेमा केही शंका उत्पन्न भएको छ ।

'ओपेक प्लसले पहिलो त्रैमासिकको अन्त्यसम्म थप तीन महिनाका लागि उत्पादन वृद्धि स्थगित गर्ने बिहीबार निर्णय गर्ने अपेक्षा गरिएको छ,' कमर्स बैंकका विश्लेषक कार्स्टन फ्रिट्सले भने । 'केही देशहरू उत्पादन बढाउन चाहन्छन् त्यसैले अझै पनि अनिश्चितताहरू छन्,' उनले थपे । भियनास्थित ओपेक संगठननिकट स्रोतका अनुसार 'भर्चुअल' बैठक स्थानीय समयअनुसार बिहीबार ११:३० बजे सुरु हुने छ । प्रतिदिन २.२ मिलियन ब्यारेलको स्वेच्छिक अतिरिक्त उत्पादन कटौती गर्दै आएका आठ देशहरूले हाल जनवरीबाट उत्पादन बढाउन सुरु गर्ने तयारीमा छन् । उनीहरू नयाँ सम्झौताविना नै उत्पादनलाई क्रमशः बढाउँदै सन् २०२२ को स्तरमा फर्काउन चाहेका छन् ।




अल्जेरिया, इराक, कजाकिस्तान, कुवेत, ओमान, रुस, साउदी अरब र संयुक्त अरब इमिरेट्स (युएई) ले अक्टोबर र त्यसपछि डिसेम्बरमा सुरु भएको उत्पादन वृद्धिलाई दुईपटक पछाडि धकेलिसकेका छन् । आपूर्ति कटौतीले बजारमा मौन प्रभावमात्र पारेको छ, अमेरिकी राष्ट्रपति-निर्वाचित डोनाल्ड ट्रम्पले अमेरिकी तेल उत्पादनलाई बढावा दिने नीतिहरू अपनाउने अपेक्षा गरिएको छ अर्थव्यवस्था कमजोर रहेको सन्दर्भले गर्दा चीनको माग दर कमजोर छ ।

अन्तर्राष्ट्रिय ऊर्जा एजेन्सीले गत महिना आफ्नो हालको सन्तुलनले ओपेक प्लस कटौती कायम रहे पनि विश्वव्यापी आपूर्ति अर्को वर्ष प्रतिदिन १० लाख ब्यारेलभन्दा बढी अर्थात् मागभन्दा बढी हुने देखिन्छ । ओपेक प्लस राष्ट्रहरूले हाल दैनिक ६० लाख ब्यारेल तेल रोकेका छन्, जसमा दैनिक २२ लाख ब्यारेल तेल उत्पादन पनि समावेश छ जुन उनीहरूले बजारमा फिर्ता ल्याउनेबारे छलफल गरिरहेका छन् । डिएनबी बैंकका विश्लेषकहरूले बजारमा 'सन् २०२५ मा ओपेक + तेलका लागि अतिरिक्त कुनै ठाउँ छैन' र उत्पादनमा वृद्धिले कच्चा तेलको मूल्यलाई तल धकेल्ने बताएका छन् । यसले साउदी अरबलाई अप्रसन्न बनाएमा यसले उसको अर्थव्यवस्थालाई विविधीकरण गर्ने प्रयासहरूका लागि तेलको उच्च मूल्यमा निर्भर बनाउँछ ।

'भिजन २०३० का लागि साउदी अरब बलियो मूल्यमा अत्यधिक निर्भर छ र उत्पादन कटौतीका साथ संयुक्त ओपेकको आवश्यकता छ,' इनर्जी इन्टेलिजेन्सका विश्लेषक अमेना बकरले भने । साउदी अरब र रूसले ओपेक प्लसमा प्रभुत्व जमाएसँगै धेरै विश्लेषकहरूले आशा गरेका छन् कि उनीहरूले अन्ततः अन्य देशहरूलाई आपूर्ति वृद्धिको थप स्थगनमा सहमत हुन राजी गराउने छन् । रिस्टाड इनर्जीका विश्लेषक जर्ज लियोनले भने, 'अन्य देशहरू उत्पादन बढाउन चाहन्छन् र यसका लागि विशेष गरी कजाखस्तान र संयुक्त अरब इमिरेट्समा 'अतिरिक्त क्षमता' छ ।' *रासस/एएफपी*

# नौ अर्ब ९० करोड डलर सहयोग जुटाउने युनिसेफको लक्ष्य

**संयुक्त राष्ट्रसंघ–** राष्ट्रसंघको बालबालिकासम्बन्धी निकाय (युनिसेफ)ले विश्वका युद्ध तथा अन्य संकटबाट प्रभावित लाखौं युवाका लागि अर्को वर्ष सहयोग उपलब्ध गराउन नौ अर्ब ९० करोड अमेरिकी डलरको आर्थिक सहायता आह्वान गरेको छ । बालबालिकाको मानवीय आवश्यकताको मात्रा बढिरहेको र यसका लागि सहयोग रकममा पनि वृद्धि हुनु जरूरी रहेको युनिसेफकी कार्यकारी निर्देशक क्याथरिन रसेलले बताएकी हुन् ।

उनले भनिन्, 'हरेक दिन धेरै बालबालिका प्रभावित भएका छन् । यसका कारण बालबालिकाको मानवीय आवश्यकताको मात्रा ऐतिहासिक उच्चस्तरमा छ र यसका लागि सहयोगका लागि थप रकम जुटाउने लक्ष्य हाम्रो संस्थाले लिनु जरूरी छ ।' उक्त रकमले १० करोड ९० लाख बालबालिकालाई लक्षित गरी प्राथमिक स्वास्थ्य संस्था, मानसिक स्वास्थ्य सेवा, खानेपानी तथा शिक्षा, कुपोषण जाँच र लैंगिक हिंसा न्यूनीकरणमा पहुँचका लागि




सहयोग गर्ने छ । 'हामीले सन् २०२५ मा १४६ देश र क्षेत्रका २१ करोड ३० लाख बालबालिकालाई मानवीय सहायताको आवश्यकता पर्ने छ । सहयोगका लागि यो निकै ठूलो संख हो,' रसेलले भनिन्, 'सहयोगका लागि युनिसेफको यो अपिल विश्वले मानवीय गतिविधिका कारण दीर्घकालीन आर्थिक संकटको सामना गरिरहेको समय आएको छ ।'

गत वर्ष युनिसेफले ९.३ अर्ब अमेरिकी डलरका लागि अपिल गरेको थियो । यो जर्ष सबैभन्दा बढी एक अर्ब अमेरिकी डलरबराबरको रकम अफगानिस्तानका लागि, त्यसपछि सुडान, प्रजातान्त्रिक गणतन्त्र कंगो, प्यालेस्टिनी क्षेत्र र लेबनानका लागि गरिएको छ । यसैबीच, संयुक्त राष्ट्रसंघीय जनसंख्या कोष (युएनएफपिए) ले ५७ देशका चार करोड ५० लाख महिला तथा बालिकालाई सहयोग गर्न एक अर्ब ४० करोड अमेरिकी डलरको आह्वान गरेको छ । राष्ट्रसंघको यौन तथा प्रजनन स्वास्थ्य निकायले आफ्नो गतिविधिको एक हिस्साको रूपमा अनुमानित ११ मिलियन गर्भवती महिलाहरूलाई सहयोगका लागि 'मिडवाइफ'हरू तैनाथ गर्दछ । यसका लागि सन् २०२५ मा 'तत्काल' सहयोगको आवश्यकता पर्ने बताएको छ ।

युएनएफपिएकी कार्यकारी निर्देशक डा. नतालिया कनेमले भनिन्, 'हरेक द्वन्द्वग्रस्त क्षेत्र र विपत्मा महिला तथा बालिकाले गम्भीर जोखिमको सामना गर्छन् । द्वन्द्वले उनीहरूको जीवन र कल्याणका लागि अत्यावश्यक सेवाहरूमा पहुँचलाई खतरामा पार्छ ।' कनेमले भनिन्, 'कुनै पनि महिला बच्चा जन्माउने क्रममा ज्यान गुमाउन नपरोस् भनी हामी सबै मिलेर यो सहयोग रकमको जोहो गर्नु आवश्यक छ किनकि हरेक महिला, किशोरी वा बालबालिका सबैभन्दा विकट परिस्थितिमा पनि हानिबाट सुरक्षित रहन सकून् ।' *रासस/एएफपी*


**कुवेतमा रोजगार** कम्पनी : Hamro Himalaya Restaurant

पूर्व स्वीकृति मिति : २०८१/०८/२० LT. No. 314963 चलानी नं. ६०२२९२८७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook General | 3 | 0 | 150 | ६६,०९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Helper | 2 | 0 | 100 | ४४,०६० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ मंसिर २८ गते (13th Dec. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. ७९७/०६५/०६६
**Saudi Nepal Recruitment Agency Pvt.Ltd.**
Ganesh Basti, Maharajgunj 04, Kathmandu, Nepal, Tel.+977-01-4720350, 4720849, 5908112, E-mail:info@saudinepal.comWebsite :www.saudinepal.com

**कुवेत/साउदीमा रोजगार** कम्पनी : JABATI RASHID SNACKS शेवा शुल्क: १०,000

पूर्व स्वीकृति मिति : २०८१/०८/२० LT. No. 314950 चलानी नं.६०२२९२९६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner Indoor | 3 | 0 | 110 | ४८,४७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Kitchen Steward/Dish Washer | 6 | 0 | 110 | ४८,४७० | | | | | | | |
| 3 | Office Boy/Tea Boy | 3 | 0 | 110 | ४८,४७० | | | | | | | |
| 4 | Store Helper | 3 | 0 | 120 | ५२,८७५ | | | | | | | |

कम्पनी : So Sleek Kuwait Beauty Salon Company For Ladies शेवा शुल्क: १०,000

पूर्व स्वीकृति मिति : २०८१/०८/२० LT. No. 314949 चलानी नं.६०२२९२९७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | MANICURE/PEDICURE | 0 | 1 | 150 | ६६,०९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Nail Technicians | 0 | 2 | 150 | ६६,०९५ | | | | | | | |

कम्पनी : Nield Corner Ladies Beauty Salon Company शेवा शुल्क: १०,000

पूर्व स्वीकृति मिति : २०८१/०८/२० LT. No. 314946 चलानी नं.६०२२९३००

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hair Dresser | 0 | 2 | 150 | ६६,०९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | MANICURIST/PEDICURIST | 0 | 2 | 150 | ६६,०९५ | | | | | | | |

कम्पनी : Jeder Nathri Restaurant Company शेवा शुल्क: नि: शुल्क

पूर्व स्वीकृति मिति : २०८१/०८/२० LT. No. 314947 चलानी नं.६०२२९२९९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Waiter/Waitress | 2 | 0 | 140 | ६१,६८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Arabian Gulf Load Handling Company शेवा शुल्क: १०,000

पूर्व स्वीकृति मिति : २०८१/०८/२० LT. No. 314948 चलानी नं.६०२२९२९८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | ordinary worker (indoor worker) | 22 | 0 | 110 | ४८,४७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Company LEBEN KARIA For Trading शेवा शुल्क: १०,000

पूर्व स्वीकृति मिति : २०८१/०८/२० LT. No. 314945 चलानी नं.६०२२९३०१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Labour | 6 | 0 | 1100 | ३९,६७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : DISNEY KIDS SALONS COMPANY FOR CHILDREN शेवा शुल्क: १०,000

पूर्व स्वीकृति मिति : २०८०/०८/०८ पुन विज्ञापन स्वीकृति मिति : २०८०/०८/०८ LT. No. 295495 चलानी नं.६०२१०४९५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hairdresser/nail Technician/beau/barber/manicure/p | 0 | 8 | 150 | ३९,६७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : THE LAVILLAGE RESTAURANT शेवा शुल्क: १०,000

पूर्व स्वीकृति मिति : २०८०/०७/03 पुन विज्ञापन स्वीकृति मिति : २०८०/०८/०८ LT. No. 294188 चलानी नं.६०२०९४४६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 10 | 0 | 90 | ३९,५६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cook | 5 | 0 | 150 | ६६,०९५ | | | | | | | |
| 3 | Runner / Preparer | 10 | 0 | 120 | ५२,८७५ | | | | | | | |
| 4 | Waiter/waitress | 20 | 25 | 130 | ५७,२८० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ मंसिर २८ गते (13th Dec. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Omega International Pvt. Ltd.**
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337, E-mail : info@omeganepal.com, Website : www.omeganepal.com
Govt. License No. 1352/074/075



## वर्गीकृत विज्ञापन संकलन काउन्टर

**पशुपति विज्ञापन सेवा – सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.–सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८र९८४२६३५८१५ । लोटस कम्युनिकेशन– गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल– डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल) – फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट। Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी – नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल – फोन नं. ९८५११२९६८६ । ज्ञान्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सन्चार– सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी – लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. – पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी– बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी– गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी– विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर– कलंकी चोक फोनः ०१-४२७६५३०, फयाक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी – पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफयाक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।**

काठमाडौं जि.प्र.का.द.नं.४८०-०७०/७१, म.क्ष.हु.नि.द.नं. ९/०७३/७४

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – १५०७०० | प्रति तोला – ० | प्रति तोला – १८८० |



**सुन्दर हिम श्रृंखला** | बागलुङ जिल्लाको बागलुङ नगरपालिका-११ रायडाँडाको शिर असारेबाट देखिएको अन्नपूर्ण, माछापुच्छ्रेलगायतको हिम शृंखला ।

*तस्बिर: खेमराज गौतम/रासस*

## भूमिगत विद्युतीकरण ७० प्रतिशत सम्पन्न

■ प्रभाव संवाददाता

**चितवन–** भरतपुर महानगरपालिकाको शहरी क्षेत्रमा सुरु गरिएको भूमिगत विद्युतीकरणको काम ७० प्रतिशत सम्पन्न भएको छ । नेपाल विद्युत् प्राधिकरणको पोखरा-भरतपुर वितरण प्रणाली सुदृढिकरण आयोजनाले समग्रमा ७० प्रतिशत काम सम्पन्न भएको जनाएको हो ।

आयोजनाका प्रमुख इञ्जिनियर आनन्द सुवेदीका अनुसार अहिले केवल (तार) बिच्छ्याउने कार्य र घरघरमा जडान कार्य (सर्भिस कनेक्सन)को काम बाँकी रहेको छ । अहिले शहीदचोक र पुलचोक क्षेत्रमा काम भइरहेको उनले बताए । निर्माण कार्य तिव्र पारिएकाले सन् २०२५ को जुलाईसम्म काम सक्ने गरी कार्ययोजना निर्माण गरेर काम गरिएको छ ।

जमिनको सतहभन्दा माथि देखिने काम र जमिनमा नदेखिने गरी दुई चरणमा विभाजन गरेर काम गरिएको छ । डिभाइस र फाउण्डेसन निर्माणको काम ८० प्रतिशत सम्पन्न भएको उनले बताए । अन्य कामलाई तिव्र गतिमा लैजान निर्माण कम्पनीलाई आयोजनाले आग्रह गरेको छ ।

सुवेदीले भने, 'निर्माण कम्पनीले समय थप गर्न गरेको निवेदनलाई मध्यनजर गर्दै दश महिनाको समय थप गरिएको छ ।' सन् २०२२ को अक्टोबरमा दुई वर्षमा काम सम्पन्न गर्ने गरी भारतीय ठेकेदार कम्पनी टाटा प्रोजेक्ट लिमिटेडले ठेक्का सकारेको थियो ।

पछिल्लो सम्झौताअनुसार महानगरपालिकाभित्र चनौली लाइन जडानका लागि भरतपुर महानगरको मुख्य शहरी क्षेत्रमा भूमिगत मार्फत गर्दै लगिने उनले जानकारी दिए । उनले भने, 'बसेनीदेखि भरतपुर महानगरपालिका अगाडिसम्म, आँपटारीदेखि पोखरा बसपार्कसम्मको सडक र केन्द्रीय बस ट्रमिनलदेखि गोन्द्राङ्सम्मको सडक थपिएको छ ।' केन्द्रीय बस ट्रमिनलदेखि गोन्द्राङ्सम्मको सडकमा पहिला ३३ केभिए लाइन मात्रै भूमिगत गर्ने भनिएको भए पनि अहिले थप गरी ११ केभिए र ४०० भोल्टको लाइनलाई भूमिगत गरिने उनले बताए ।

उनका अनुसार भरतपुर महानगरभित्र विद्युतीय तार भूमिगत गर्नका लागि रु एक अर्ब ४० करोड लागत लाग्ने छ । सुरुवाती समयमा रु एक अर्ब ३० करोड वजेट भरतपुरलाई विनियोजन गरिएको थियो । एशियाली विकास बैंकको सहयोगमा प्राधिकरणले यो आयोजना अघि बढाएको हो ।

## 'अर्थतन्त्रका समस्या समाधान गरी मुलुकलाई चलायमान बनाउँछौं'

■ प्रभाव संवाददाता



**मर्चवार–** उपप्रधान तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले कानुन संशोधन गरेर भए पनि सरकारले लगानीको वातावरण बनाउने बताएका छन् ।

भैरहवामा बिहीबारदेखि सुरु भएको नवौं लुम्बिनी राष्ट्रिय महोत्सवको उद्घाटन गर्दै उनले मुलुकको आर्थिक अवस्था पहिलेको भन्दा सुध्रिँदै गएकाले व्यवसायीलाई निराश नहुन आग्रह गरे । 'निजी क्षेत्रको मनोबल बढ्ने गरी काम गर्न सरकार अग्रसर छ', पौडेलले भने ।

उनले यही सरकारले अर्थतन्त्रका सम्पूर्ण समस्या समाधान गरी मुलुक चलायमान बनाउने जिकिर गरे । 'सरकार जसरी हुन्छ निजी क्षेत्रको मनोबल बढ्ने गरी काम गर्न लागेको छ', उनले भने, 'उद्योगी व्यापारीका समस्या छन्, मजदुरका समस्या छन्, किशोर किशोरीका समस्या छन् । ती अब समाधान हुन्छन् भन्ने आमनागरिकमा विश्वास हुँदै गएको छ ।'

अर्थमन्त्री पौडेलले गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल राष्ट्रकै गौरव भएकाले यसको सञ्चालनमा शङ्का नगर्न आग्रह गरे । हालको टर्मिनल भवन निर्माण भए त्यो अपुग रहेको बताउँदै अर्को भवन निर्माणको तयारी भइरहेको उनले जानकारी दिए ।

सिद्धार्थ उद्योग वाणिज्य सङ्घ, रूपन्देहीको आयोजनामा लुम्बिनी राष्ट्रिय महोत्सव महोत्सव सुरु भएको हो । स्थानीय उत्पादनको बजारीकरण र प्रवर्द्धन, सुस्त रहेको आर्थिक क्षेत्रलाई चलायमान बनाउने र पर्यटन क्षेत्रको प्रचारप्रसार गर्ने उद्देश्यसहित महोत्सव आयोजना गरिएको आयोजकले जनाएको छ ।

आगामी पुस १ गतेसम्म सञ्चालन हुने महोत्सव उद्घाटन कार्यक्रममा भैरहवाको देवकोटा चोकदेखि बाजागाजासहित विभिन्न जातजातिको सांस्कृतिक झाँकी निकालिएको थियो । महोत्सवमा रु १० करोड बराबरको कारोबार हुने आयोजकको अपेक्षा छ ।

## हुन्डाई मोटर र आईआईटीबीच सम्झौता

**काठमाडौं (प्रस)–** हुन्डाई मोटर ग्रूपले मंगलबार तीन वटा इन्डियन इन्स्टिच्युट अफ टेक्नोलोजी (आइआइटी) सँग ब्याट्री र विद्युतीकरणको क्षेत्रमा सहयोगी अनुसन्धान प्रणाली स्थापना गर्न साझेदारीको घोषणा गरेको छ ।

यी संस्थानहरूमा आईआईटी दिल्ली, आईआईटी बम्बई र आईआईटी मद्रास समावेश छन् । आइआइटी दिल्लीमा स्थापना हुने हुन्डाई सेन्टर अफ एक्सिलेन्स (सीओई) हुन्डाई मोटर




ग्रूपको प्रायोजनमा सञ्चालन हुनेछ । हुन्डाई सीओईको प्राथमिक उद्देश्य ब्याट्री र विद्युतीकरणमा ड्राइभिङ प्रगतिको नेतृत्व गर्नु हो, जुन विशेष गरी भारतीय बजारको अद्वितीय आवश्यकताहरू पूरा गर्न डिजाइन गरिएको छ ।

हुन्डाई मोटर ग्रूपका अधिकारीहरू, रंगन बनर्जी, आईआईटी बम्बईका डीन सचिन सी पटवर्धन र आईआईटी मद्रासका डीन मनु संथानम सहित आईआईटी प्रतिनिधिहरू आइआइटी दिल्लीमा आयोजित एक समारोहमा उपस्थित थिए, जहाँ उनीहरूले हुन्डाई मोटर ग्रुप (आईआईटी हुन्डाई सीओई) को संयुक्त स्थापनाको लागि सम्झौतामा हस्ताक्षर गरे ।

## अन्नपूर्ण वैकल्पिक पदमार्गमा पर्यटक बढ्दै

**पर्वत–** विश्वको दश उत्कृष्ट पदमार्गमा सूचिकृत अन्नपूर्ण चक्रिय पदमार्गमा सडक विस्तार भएपछि सञ्चालनमा आएको वैकल्पिक पदमार्गमा पर्यटकको आकर्षण बढ्दै गएको छ । कास्की जिल्लाको नयाँ पुलबाट पर्वतको मोदी गाउँपालिको ताङ्ले-भमरकोट-डाँडाकमेरे-माटे-जलजला-मोहोरेडाँडा-घोडेपानी जोड्ने पदमार्ग सञ्चालनमा आएपछि पर्यटकको आगमन बढ्न थालेको हो ।

नयाँपुलबाट पर्वतको मोदी र जलजला गाउँपालिका हुँदै म्याग्दीको अन्नपूर्ण गाउँपालिका-६ मा रहेको प्रसिद्ध पर्यटकीयस्थल घोडेपानी जोड्ने नयाँ पदमार्ग तयार भएपछि पर्यटकको आगमन बढ्न थालेको स्थानीय पर्यटन व्यवसायी बताउँछन् । विशेषगरी युरोपियन, कोरियन, अस्ट्रेलियन, जर्मन तथा रसियन पर्यटकहरूले यो रुट प्रयोग गर्न थालेका छन्भने आन्तरिक पर्यटकको आगमन पनि बढेको होटल खड्का भिलेजका सञ्चालक रनबहादुर खड्काले जानकारी दिए ।

करिब १३ वर्षअघि पहिचान भएको नयाँपुल-मोहरिया-ताङले-भमरकोट-फलाटे-डाँडाकेटेरी-थामाको डिल-हम्पाल-जलजला-मोहरेडाँडा-फूलबारी-पुनहिल हुँदै घोडेपानी जोड्ने पदमार्ग सञ्चालनमा आएपछि पर्यटकको आकर्षण बढ्दै गएको पर्वत-भमरकोट-घोडेपानी पर्यटन क्षेत्र विकास समितिका अध्यक्ष मनबहादुर खड्काले बताए । आधारभूतस्तरको पूर्वाधार तयार भएपछि उक्त वैकल्पिक पदमार्ग यस वर्षदेखि सञ्चालनमा आएको उनले जानकारी दिए ।

'पदमार्गमा आश्रयस्थल र खानेबस्ने ठाउँको व्यवस्थापन भएपछि पर्वत-भमरकोट-घोडेपानी पदमार्ग सञ्चालन गरिएको हो', समितिका अध्यक्ष खड्काले उनले 'संस्कृति र प्रकृतिले भरिपूर्ण यो पदमार्ग साहसिक गन्तव्य हो ।' मनोरम हिमश्रृंखला, सुन्दर वनजङ्गल, हावापानी, सुर्योदय र सुर्यास्तको दृश्यावलोकन गर्नुका साथै तनाव व्यवस्थापनका लागि यो पदमार्ग निकै आकर्षक मानिएको उनको भनाइ छ ।

विसं २०६८ मा स्थापना भएको संस्थामार्फत तत्कालीन जिल्ला विकास समिति, संघीयतापछि गाउँपालिका, प्रदेश सरकार र संघीय सरकारको गरी हालसम्म रु एक करोड ६० लाख सहयोगमा नयाँ पुलबाट पर्वतको सबैभन्दा उच्च स्थानमा रहेको हम्पालसम्मको १६ किलोमिटर पदमार्ग निर्माण भएको खड्काले जानकारी दिए । 'ढुङ्गाको सिँढी चिनेर पदमार्ग निर्माण गरिएको हो । पदमार्गमा १० वटा विश्रामस्थल निर्माण भएका छन्', उनले भने ।

हम्पालबाट जलजला जोड्ने पदमार्ग निर्माणका लागि गण्डकी प्रदेश सरकारले चालु आर्थिक वर्षमा रु ३० लाख बजेट विनियोजन गरेको गण्डकी प्रदेशका उद्योग तथा पर्यटनमन्त्री मित्रलाल बस्यालले जानकारी दिए । उक्त पदमार्गलाई व्यवस्थित बनाउन आगामी बजेटमा पनि प्राथमिकता दिने उनले उल्लेख गरे ।

पदमार्गले पर्वतको मोदी गाउँपालिका-१, २, ३ र ५, जलजला गाउँपालिका-५ र ६ तथा म्याग्दीको अन्नपूर्ण गाउँपालिका-६, ७ र ८ वडालाई समेटेको छ । हिमाल, पहाडी भूगोल अवलोकन गर्दै यात्रा गर्न सकिने यो पदमार्गमा पर्ने लौंसीबोट, भूक र ताङ्ले तथा लेसपार्कमा घरबास (होमस्टे) सञ्चालन भएका छन् । साथै मगर, गुरुङ, दलित, क्षेत्री र ब्राह्मण समुदायको विविधतायुक्त संस्कार, संस्कृति, रहनसहन र जनजीवन यो पदमार्गको आकर्षण हो ।

दुई रात तीन दिनमा यात्रा गर्न सकिने यो पदमार्गमा पर्ने वनजङ्गलमा विभिन्न प्रजातिका जडीबुटी, वन पैदावर पाइनुका साथै मृगलगायत वन्यजन्तुको बसोबास छ । गाईभैंसीका घुम्ती गोठ पनि देख्न सकिन्छ भने धवलागिरि र अन्नपूर्ण रेञ्जका हिमाल अवलोकन गर्दै यात्रा गर्न पाइन्छ ।

पदमार्गमा पर्ने पर्वतको फलाटे, हम्पालस्थित वाइफाई डाँडा र जलजलामा चिया पसल र रेष्टुन्ट तथा सामुदायिक लज सञ्चालन भएका छन् । पूर्वजानकारी दिई आउने पर्यटकलाई पर्वत-भुमरकोट-घोडेपानी पर्यटन क्षेत्र विकास समितिले घुमाउने व्यवस्था मिलाउँदै आएको छ ।

पदमार्ग प्रवर्द्धनका लागि गण्डकी प्रदेशको उद्योग तथा पर्यटन मन्त्रालयको सहयोगमा ट्रेकिङ एजेन्सिज एशोसिएसन अफ नेपाल (टान) गण्डकीले पदमार्ग विस्तार, खोज तथा अनुसन्धान गर्दै आएको छ । उक्त कार्यमा पर्वतको मोदी र जलजला, कास्की र म्याग्दीका सम्बन्धित गाउँपालिकाले सहकार्य गरेका छन् ।

प्रदेशका उद्योग तथा पर्यटनमन्त्री बस्यालले अन्नपूर्ण चक्रिय पदमार्गमा सडकका कारण पर्यटकको पदयात्रा छोटिँदै गएका बेला नयाँ पहिचान भएको पदमार्गलाई प्रवर्द्धन गरी यसतर्फ पर्यटकको आकर्षण बढाउनुपर्नेमा जोड दिए । पदमार्गमा ठाउँठाउँमा खानेपानीको व्यवस्थापन चिया तथा चेमना गृहहरू, होटल तथा रेष्टुरेण्ट थप गर्नुपर्ने भन्दै प्रदेश सरकारले आवश्यक सहयोग गर्ने उनले प्रतिबद्धता जनाए । *रासस*

## सिटिजन्स बैंकलाई 'बैंक अफ द ईयर' अवार्ड

**काठमाडौं (प्रस)–** सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड विश्वको प्रतिष्ठित बैंक अफ द ईयर २०२४ को अवार्डबाट लण्डनमा सम्मानित भएको छ । संयुक्त अधिराज्य (युके) अवस्थित द फाइनान्सियल टाईम्सले डिसेम्वर ४, मा आयोजना गरेको एक कार्यक्रमका बीच विगत १८ बर्ष देखि सर्वसुलभ र सुरक्षित बैंकिंङ्ग सेवा पुऱ्याँउदै आइरहेको सिटिजन्स बैंकलाई बैंक अफ द ईयर २०२४ को अवार्ड प्रदान गरेको छ ।




बैंक संचालक समितिका अध्यक्ष प्रवल जङ्ग पाण्डे र बैंकका प्रमुख कार्यकारी अधिकृत गणेश राज पोखरेलले बैंकको प्रतिनिधित्व गर्दै बैंक अफ द ईयर २०२४ को सम्मान ग्रहण गरेका छन् । समारोहमा करिव १०० भन्दा बढी देशका बैंकका अध्यक्ष, प्रमुख कार्यकारी अधिकृत लगायतका अधिकारीहरू गरि करिव ३०० जना भन्दा बढीको बाक्लो उपस्थिति रहेको थियो । बैंक संचालक समितिका अध्यक्ष प्रवल जङ्ग पाण्डेले बैकिङ्ग क्षेत्रको ओस्कार पुरस्कार मानिने विश्वको प्रतिष्ठित बैंक अफ द ईयर २०२४को अवाड बैंकले प्राप्त गर्न सफल भएकोमा अत्यन्त गौरबान्वित महसुश गरेको र यसबाट आगामी दिनमा अझ उत्कृष्ट प्रविधि मैत्रि आधुनिक बैंकिंङ्ग सेवा सुविधा ग्राहकहरूमाझ ल्याउनको लागि हौंसला मिलेको बताए ।

त्यसैगरी बैंकका प्रमुख कार्यकारी अधिकृत गणेश राज पोखरेलज्यूले यस अवार्डको प्राप्ती संम्पूर्ण सरोकारवाला निकायहरूको सहयोग एवं कर्मचारीहरूको अहोरात्र मेहनतबाट संम्भव भएको बताउदै आगामी दिनमा अझ उत्कृष्ट कार्य सहित सुशासन र प्रुडेन्ट बैंकिंङ्ग र हरित बैंकिङ्गका सेवा सुविधाहरूमा थप बल गर्ने प्रतिवद्दता व्यक्त गरे ।

द फाइनान्सियल टाईम्सले बार्षिक रूपमा विभिन्न देशका बैंकहरूले गर्ने कार्यसंम्पादन एवं गतिविधिहरूलाई मध्यनजर गर्दै बैंक अफ द ईयरबाट सम्मानित गर्ने गरेको छ र यसै अनुरूप वर्ष २०२४ को अवार्ड सिटिजन्स बैंकले प्राप्त गर्न सफल भएको छ । यस अवार्डबाट सम्मानित हुने बैंकहरूको बार्षिक सूची द फाइनान्सियल टाईम्सको म्यागजिन द बैंकर मार्फत प्रकाशित हुने गरेको छ ।

सिटिजन्स बैंकले हालैमात्र फोनपेसँगको सहकार्यमा नेपालमै पहिलो पटक 'सिटिजन्स भर्च्युअल क्रेडिट कार्ड' सञ्चालनमा ल्याएको छ । बैंकले देशैभरी ६० जिल्लामा फैलिएका आफ्ना १९७ वटा शाखा, १६२ वटा ए.टि.एम., ३ विस्तारित काउन्टर र ७४ वटा शाखा रहित बैंकिङ्ग ईकाइहरूबाट करिव १८ लाख भन्दा बढी ग्राहकवर्गलाई आधुनिक बैंकिङ्ग सेवाहरू प्रदान गर्दै आएको छ ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्प्रेस कलर प्रेस, कार्यालय: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्ण कार्की, सम्पादक: विष्णु तामाङ